मा. मन्त्रीस्तर बाट स्वीकृत मिति: २०७९।६।२९

## आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयन एकिकृत कार्यविधि, २०७९

पछिल्ला केहि वर्षहरुमा धान, चामल, मकै,तरकारी, आलु लगायतका बाली/वस्तुको आयात उच्च दरमा बढ्दै जाँदा खाद्य असुरक्षा र परनिर्भरता बढ्दै जानुका साथै वैदेशिक मुद्रा संचितिमा समेत चाप बढदै गएको तथा पशुपन्छीजन्य पदार्थको उत्पादनमा तुलनात्मक रुपमा मुलुक आत्मनिर्भर उन्मुख भई निर्यात समेत बढ्दै गएको छ। यस सन्दर्भमा प्रमुख खाद्यान्न बालीहरु एवं बढी आयात हुने गरेका कृषि वस्तुहरुको उत्पादन एवं उत्पादकत्व वृद्धि गरी प्रमुख खाद्यान्नहरुमा आत्मनिर्भरता बढाउन एवं बढ्दो आयात न्यूनिकरण गर्न बजेट बक्तव्यको बुँदा नं २८ र ३१ मा उल्लेख भए बमोजिम कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वार्षिक कार्यक्रम २०७९/८० मा स्वीकृत आत्मनिर्भरताका लागि कृषि कार्यक्रम कार्यान्वयन गर्न विनियोजन ऐन, २०७९ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो कार्यविधि तयार गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यसकार्यविधिको नाम "**आत्मनिर्भताका लागि कृषि कार्यक्रम कार्यान्वयन एकिकृत कार्यवधि, २०७९**" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२.परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

**क."अनुदान"** भन्नाले नेपाल सरकारबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि क्षेत्रको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, पूर्वाधार निर्माण, यान्त्रिकीकरण, विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण, औद्योगिकरण तथा गरिबी निवारण समेतका लागि छनौट भएका अनुदानग्राहीलाई प्रचलित कानून र कार्यान्वयन गर्ने निकायले तोके अनुसार लेखा राख्ने लगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने गरी प्रदान गरिने आर्थिक, वस्तुगत सहायता, पूर्वाधार विकास वा उपलब्ध गराइने कृषि सामग्री र उपकरण सम्झनुपर्छ।

**ख".अनुदग्राही"** भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समूह, कृषि सम्बन्धी सहकारी, कृषिसँग सम्बन्धित समिति र कृषि व्यवसायीहरुलाई सम्झनु पर्छ।

**ग."कृषि"** शब्दले बाली, बागवानी, ब्यवसायिक कीट पशुपन्छी, मत्स्य आदि उप-क्षेत्रसंग सम्बन्धित उत्पादन, प्रशोधन उद्योग एवं व्यवसायलाई सम्झनुपर्छ।

**घ."कृषि सामग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, नश्ल, भुरा, औषधी खोप विषादी, जैवीक पदार्थ तथा हार्मोन, तरल नाईट्रोजन, कृषि चुन तथा रसायन, दाना, पोषक तथा शुक्ष्म तत्व, कृषि औजार उपकरण लगायतका कृषि उत्पादन कार्यमा टेवा पुन्याउने अन्य सामाग्री/वस्तुलाई समेत सम्झनु पर्छ।

सचिव

सचिव

**ङ."सार्वजनिक पूर्वाधार"** भन्नाले सार्वजनिक निकायबाट निर्माण हुने सार्वजनिक प्रयोजनका बजार पूर्वाधार, दुध तथा खसिबोका सङ्कलन केन्द्र, दुग्ध चिस्यान केन्द्र, माछा बजार, सिंचाईका पूर्वाधारहरु र अन्य सार्वजनिक प्रयोजनका कृषि सम्वन्धी पूर्वाधारहरुलाई सम्झनु पर्छ।

**च."सामुदायिक पूर्वाधार"** भन्नाले उपभोक्ता समिति वा अनुदानग्राही वा लाभग्राही समुदायको समुह सहकारीबाट निर्माण हुने सामुदायिक प्रयोजनका सिंचाई पूर्वाधार, दुध तथा खसिबोका सङ्कलन केन्द्र, दुग्ध चिस्यान केन्द्र, माछा बजार, उत्पादन तथा प्रशोधन पूर्वधार, कृषि बजार पूर्वाधार र अन्य सामुदायिक प्रयोजनका कृषि सम्वन्धी सामुदायिक पूर्वाधारलाई सम्झनुपर्छ ।

**छ."सशर्त कार्यक्रम"** भन्नाले संघबाट सशर्त वित्तीय हस्तान्तरण मार्फत प्रदेश वा स्थानीय तहमा वा दुवैमा गएका कृषि सम्वन्धी कार्यक्रमहरुलाई सम्झनु पर्छ।

**ज."निजी पूर्वाधार"** भन्नाले कृषक वा फार्म वा कम्पनीबाट निर्माण हुने साना सिंचाई, दुग्ध चिस्यान केन्द्र, डेरी पसल, मत्स्य नर्सरी र ह्याचरी, दाना उद्योग, नर्सरी स्थापना, संरक्षित उत्पादनकोलागी संरचना जस्ता उत्पादन, प्रशोधन तथा बजार सम्वन्धी विभिन्न निजी प्रयोजनका पूर्वाधारहरुलाई सम्झनुपर्छ।

**झ."निर्देशक समिति"** भन्नाले अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि दफा १४ बमोजिमको समिति सम्झनु पर्छ।

**ञ."बैङ्क"** भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कम्तिमा "घ" बर्गको बैंक तथा वित्तीय संस्था सम्झनु पर्छ।

**ट."मन्त्रालय"** भन्नाले नेपाल सरकारको कृषि क्षेत्र हेर्ने संघीय मन्त्रालय सम्झनु पर्छ।

**ठ."प्रदेश मन्त्रालय"** भन्नाले प्रदेश स्थित कृषि तथा पशुपन्छी क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

**ड."स्थानीय तह"** भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ।

**ढ."लक्षित वर्ग"** भन्नाले कृषक, कृषि उद्यमी/उद्योगी, कृषक समुह, कृषि/कृषि सम्बन्धी सहकारी, वजारीकरण सहजकर्ता, कृषिसँग सम्बन्धित समितिका सदस्यलाई सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रमको उद्देश्य तथा कार्यक्रमका कार्यान्वयनका क्षेत्रहरु

**३.उद्देश्यः** खाद्य सुरक्षाका दृष्टिले रणनीतिक महत्वका प्रमुख बालीको उत्पादन वृद्धि गरी आत्मनिर्भरता उन्मुख अर्थतन्त्रको विकासमा टेवा पुर्‍याउनु र समग्र कृषि मूल्य श्रृङ्खलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत आयात प्रतिस्थापन सुनिश्चित गर्दै व्यापार घाटा न्यूनीकरण गरी राष्ट्रको समग्र आर्थिक विकासमा टेवा पुर्‍याउने रहेको छ। कार्यक्रमको विशिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन।

(क) स्थानीय तहको अग्रसरतामा प्रमुख खाद्यान्न बालीहरु धान, मकै, तरकारी, आलु लगायतको उत्पादन वृद्धि गर्ने ।

सचिव

(ख) बढी आयात हुने कृषि उपजको उत्पादनमा मुलुकलाई आत्मनिर्भर वनाउँदै व्यापार घाटालाई न्यूनिकरण गर्ने ।

(ग) उत्पादन लागत कम गर्दै कृषक तथा ब्यवसायीको प्रतिस्पर्धात्मक क्षमता र आयस्तर बढाउन सहयोग पुऱ्याउने ।

कार्यक्रमका उपरोक्त उद्देश्य प्राप्त गर्न स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्न सहजिकरण गर्नु यस कार्यविधिको उद्देश्य रहेको छ।

**४.कार्यक्रम कार्यान्वयका लागि बाली बस्तुहरुको छनौट:** कार्यक्रम कार्यान्वयनमा वाली वस्तुहरुको छनौटमा देहाय अनुसार हुनेछ ।

(१) उच्च आयात भईरहेका बाली र वस्तुहरु मध्ये मसिना धान र चैतेधान, दाना उद्योगको लागि मकै, ठुला शहरी केन्द्रहरुलाई लक्षित गरी तरकारी उत्पादन, आलु, दुध, माछा, खसि/बोकाको मासु, बीउ उत्पादन लगायतका बाली र वस्तुहरुमा लक्षित कार्यक्रमहरु सञ्चालन गरिने छन्।

(२) बुँदा नं १ मा उल्लेखित बाली र वस्तुको उत्पादन प्रवर्द्धनका लागि बजार तथा अन्य पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन तथा क्षमता विकास, बाँझो जग्गा सदुपयोग, न्यूनतम समर्थन मूल्य कार्यान्वयन र लक्षित वर्ग विशेष उत्पादन कार्यक्रमहरु पुरक कार्यक्रमको रुपमा सञ्चालन गरिनेछन् ।

(३) बुँदा नं १ मा उल्लेखित बाली र वस्तुको उत्पादन प्रवर्द्धनका लागि बाली वस्तुको उत्पादन सामग्रीको ब्यवस्थापन, सिंचाई तथा अन्य पूर्वाधार विकास तथा विक्रि योग्य परिमाण बजारमा आउने गरी उत्पादन अभियान सञ्चालनमा केन्द्रित गरी गर्नु पर्ने छ।

**५.अपेक्षित उपलब्धी/प्रतिफल:** कार्यक्रम कार्यान्वयबाट देहायका उपलब्धी/प्रतिफल हासिल हुनेछ ।

(१) मसिना तथा वासनादार धानमा उत्पादकत्व बृध्दि र चैते धानमा क्षेत्रफल विस्तार गरी करिव २ लाख मे.टन थप धान उत्पादन (करिव २० प्रतिशत धानको आयात प्रतिस्थापन) हुने ।

(२) करिव ७५ हजार मे.टन थप मकै उत्पादन (१५ प्रतिशत दानाको लागि प्रयोग हुने मकैको आयात प्रतिस्थापन) हुने ।

(३) करिव ४ लाख मे.टन थप तरकारी र करिव १ लाख मे.टन थप आलु उत्पादन (तरकारी तथा आलुको आयातमा करिव २० प्रतिशत आयात प्रतिस्थापन) हुने ।

(४) दैनिक थप ३ लाख लिटर दूध उत्पादन वृद्धि भई करिव १ लाख १० हजार लिटर दूध औपचारिक बजार सञ्जालमा उपलब्ध हुने ।

(५) खसी बोकाको आयात पूर्ण रुपमा प्रतिस्थापन हुने ।

(६) थप करिव १२ हजार मे.टन माछाको उत्पादन (५० प्रतिशत आयात प्रतिस्थापन) हुने ।

(७) कम्तीमा ३० स्थानीय तहमा प्रमुख कृषि उपजको न्यूनतम समर्थन मूल्य निर्धारण भइ कृषकको उत्पादनको बजार सुनिश्चित हुने ।

सचिव

(८) कम्तीमा २० स्थानीय तहमा कृषि एम्बुलेन्स सेवा सुरुवात भएको हुने ।

(९) कम्तीमा ५० स्थानीय तहवाट बाँझो जग्गा सदुपयोगका लागि विशेष कार्यक्रम सञ्चालन भएको हुने ।

(१०) बालीको विभिन्न जातका कम्तीमा ७००० मे.टन गुणस्तरीय उन्नत बीउको थप उत्पादन ।

## परिच्छेद- ३

## ब्यवस्थापकीय पक्ष

**६.कार्यक्रम सञ्चालन प्रक्रिया:** यस कार्यक्रममा कृषक, कृषक समुह, कृषक सहकारी, बजारीकरण सहजकर्ताहरु तथा निजी फर्महरु सहभागी हुने छन्। कार्यक्रममा किसान सुचिकरण प्रणालिमा आबद्ध भएका मौजुदा एवं नया गठन गरिएका समुह, सहकारी, उत्पादक संस्था गठन मार्फत कार्यक्रम सञ्चालन गर्नु पर्ने छ। तर उत्पादक संस्था तथा सहकारीमा आवध्द नभएका कृषकहरुले पनि उत्पादन अभियानमा सहभागी हुन पाउने छन्। यस कार्यक्रममा सहभागी हुने कृषकहरुले न्यूनतम तोकिएको मापदण्ड अनुसारको परिमाणमा लक्षित बालि बस्तु उत्पादन गर्नु पर्ने छ।

उद्योग लक्षित कच्चा पदार्थ उत्पादनको लागि सम्वन्धित स्थानीय तहले सहकारी, उत्पादक समुह तथा उद्योगसंग सहकार्य गरी उत्पादनको खरिद समझौता गर्नु पर्ने छ। कृषकहरुलाई प्रदान गरिने सहुलियत प्रशोधन उद्योगलाई उपलब्ध गराएको परिमाणको आधारमा उद्योगको सिफारिसमा सम्वन्धित स्थानीय तहले सत्यापन गरी प्रदान गर्नु पर्ने छ।

**७.कार्यक्रम सञ्चालन गरिने क्रियाकलापहरु:** स्थानीय तहमा खटिएका कृषि प्राविधिकहरुले उत्पादक समुह, सहकारीहरु संगको सहकार्यमा लक्षित बाली वस्तु उत्पादनको लागि उत्पादन सामग्री, प्रविधि, पूर्वाधार तथा बजारको सन्दर्भमा क्षेत्रफल विस्तार, उत्पादन, उत्पादकत्व वृद्धिमा रहेका कमि (Gap) हरुको पहिचान गरी यस्ता कमि (Gap) हरुको परिपूर्ति गरी लक्षित बालीको क्षेत्रफल विस्तार तथा उत्पादन उत्पादकत्व वृद्धि गर्न आवश्यक कृयाकलापहरुको पहिचान गरी लक्ष्य किटान सहित कार्यक्रम तर्जुमा र सञ्चालन कार्य योजना तयार गरी कार्यपालिका बाट स्विकृत गर्नु पर्ने छ र सो को एक प्रति संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तोकेको निकायमा पठाउनु पर्ने छ।

राष्ट्रिय प्राथमिकता प्राप्त बालीहरुमा स्थानीय समस्यामा आधारित कार्य मुलक (Action Research) अनुसन्धानका कार्यक्रम सञ्चालन कृषि अनुसन्धान परिषद् र कृषि विश्वविद्यालयले सञ्चालन गर्ने छन। कार्यक्रम अन्तरगत विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दा देहाय बमोजिमका पक्षहरुलाई ध्यान दिनुपर्नेछ ।

**(क) उत्पादन सामग्री आपूर्ति:** निजी क्षेत्रको सहभागितामा उत्पादन क्षेत्रको लागि आवश्यक उत्पादन सामग्रीको आपूर्ति व्यवस्था गरिनेछ। लक्षित बाली उत्पादनको लागि उत्पादन अभियान सञ्चालन गर्न आवश्यक उत्पादन सामग्री आपूर्तिकर्ताको सुचीकरण गरी उत्पादन सामग्रिको सुनिश्चित गर्न आपूर्तिकर्ता र खरिदकर्ता बीच समन्वयका लागि सहजीकरण गर्नुपर्नेछ। यसरी समन्वय हुन नसक्ने अवस्था र स्थानीय आवश्यकता महशुस भएको अवस्थामा सम्बन्धित पालिकाले आपूर्ति व्यवस्था मिलाउनु पर्नेछ ।



सचिव

**(ख) व्यवसायिक उत्पादन अभियान:** यस अन्तरगत लक्षित बालीको क्षेत्रफल विस्तार, पशुपन्छीतर्फ प्रति कृषक पालिएका पशुपन्छीको संख्या वृद्धि तथा मत्स्य तर्फ पोखरीको क्षेत्रफल विस्तारका कार्यक्रमहरु र आधुनिक प्रविधिको प्रयोग गरी उत्पादकत्व वृद्धिका कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने छ। उत्पादन अभियान यस कार्यक्रमको महत्वपुर्ण हिस्सा भएकोले कार्यक्रममा सहभागी हुन ईच्छुक कृषक, कृषक समुह, सहकारी, निजी फर्महरुले लक्षित बाली वस्तुको उत्पादन तालिका र परिमाण तयार गर्नुपर्ने छ। यसरी तयार गरिएको प्रक्षेपित उत्पादन परिमाणको आधारमा स्थानीय तहले बजारिकरणको योजना समेत तयार गर्नु पर्ने छ।

**(ग) सघन प्राविधिक सेवा:**

- आत्म निर्भरताकोलागि उत्पादन अभियानका लागि प्राविधिक सेवा प्रदान गर्न तथा कृषकलाई ब्यवसाय विकासमा सहयोग गर्न स्थानीय तहमा उपलब्ध कृषि प्राविधिकहरु परिचालन गर्नु पर्ने छ।प्रावधिकहरु परिचालन गर्दा बाली बस्तुको उत्पादन गर्नु पर्ने परिमाणात्मक लक्ष्यसँग जोड्नु पर्ने छ। स्थानीय तहले लक्ष्य भन्दा थप उत्पादन गर्ने र बिक्री वितरणलाई समन्वय गर्ने प्राविधिकलाइ थप सुविधा (perfromance based incentive) को ब्यवस्था गर्न सक्ने छ।
- प्राविधिकले छानिएको बाली बस्तुहरुको उत्पादन अभियानमा सहभागी हुने कृषकहरुलाई उत्पादक समुह, सहकारीमा आवद्ध गराई उत्पादन अभियानमा परिचालन गर्नु पर्नेछ।
- प्राविधिकले तालीमको लागि सहकारीसँगको साझेदारीमा नमुना उत्पादन स्थलहरु बनाउनु पर्ने छ र यस्ता स्थान मध्ये उत्कृष्ट र सबैलाई पायक पर्ने स्थानलाई समुदायमा आधारित नमुना तालीम (सिकाई) केन्द्रको स्थापना गर्नु पर्ने छ।
- उत्पादन तथा बजारिकरण अभियानमा संलग्न सहकारीहरुले उत्पादन अभियानमा सहभागी कृषककोलागी बाली सुरक्षण तथा सहकारी कोषबाट सहुलियत पुर्ण कर्जा कार्यक्रम समेत सञ्चालन गर्नु पर्नेछ ।
- स्थानीय तहले कृषि विश्वविद्यालय तथा प्राविधिक शिक्षालयका ईन्टर्नहरुलाई समेत यस अभियानमा परिचालन गर्न सक्ने छन।

**(घ)प्रविधि विकास तथा परीक्षणका लागि स्थान विशेषमा अनुसन्धान सेवा:** नेपाल कृषि अनुसन्धान परिषदले उत्पादन थलोमा स्थानीय तहको तथा प्रदेश कृषि क्षेत्र हेर्ने मन्त्रालयको जिल्ला स्थित कार्यालयको समन्वयमा नयाँ प्रविधि तथा अनुकरणीय अभ्यासको लागि Farmers' Accceptance Trial (FAT) कार्यक्रम सञ्चालन गर्नु पर्ने छ। यसमा कृषि अनुसन्धान परिषदले प्रविधि गाउँ कार्यक्रम समेत सञ्चालन गर्नसक्नेछ।

**(ङ)उत्पादित वस्तुको प्रशोधन तथा बजारीकरण:** प्रदेश कृषि क्षेत्र हेर्ने मन्त्रालय र स्थानीय तहले सहकारी तथा निजी क्षेत्रको सहभागीतामा कृषि पशुपन्छी तथा मत्स्य उत्पादनको प्रशोधन तथा



सचिव

सचिव

बजारीकरणको व्यवस्था गर्नु पर्ने छ। उत्पादित वस्तुको बजारीकरणको लागि स्थान विशेषको लागि उपयुक्त अवधारणा उपयोग गर्न सकिने छ।

- उत्पादक समूह र उपज खरिदकर्ताबीच उत्पादन पूर्व खरिद समझौता,
- बजारीकरण तथा प्रशोधनकोलागि चाहिने पूर्वाधारहरु सरकारी जग्गामा निर्माण पश्चात सञ्चालन व्यवस्थापन करार ।

**(च) निजि क्षेत्र परिचालनः** स्थानीय तहले कृषि उत्पादन सामग्री आपूर्ति, प्राविधिक सेवाको सुनिश्चतता, क्षमता विकास, संकलन प्रशोधन तथा बजारिकरणको क्षेत्रमा निजि क्षेत्रको परिचालन गर्न सक्ने छन।

**(छ) न्यूनतम समर्थन मुल्यः** स्थानीय तहहरुले कृषि उपजको न्युनतम समर्थन मुल्य तोकेर उत्पादित बस्तुहरुको विक्रिको सुनिश्चतता गर्न सक्ने छन। यसका लागी आवश्यकता अनुसार सहकारी तथा निजि क्षेत्रलाई परिचालन गर्न सकिने छ।

**(ज) कृषि एम्बुलेन्स सेवाः** नासवान हुने कृषि उपजहरुको ढुवानीको लागि स्थानीय तहहरुले सहकारी तथा निजि क्षेत्रलाई परिचालन गरी कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्ने छन।

**(झ) बाँझो जग्गाको उत्पादनमा उपयोगः** स्थानीय तहले कानुन बमोजिम सरकारी, संघ संस्थाहरु तथा निजी क्षेत्रको बाँझो जग्गाको उत्पादन कार्यमा स्थानीय आवश्यक्ता अनुसार उपयोगमा ल्याउने कार्यक्रम सञ्चालन गर्न सक्ने छन।

<u>८.सहुलियत सम्बन्धी व्यवस्था:</u> उत्पादन सामग्रि, पूर्वाधार विकास, प्रविधि हस्तान्तरण, उत्पादन अभियान सञ्चालन बजार प्रवर्धन तथा प्रारम्भिक प्रशोधन मुल्य अभिवृधिका विषयमा प्रचलित कानुनले तोकेको हदसम्म सोही अनुसार र अन्यको हकमा कृषकहरुलाई विविध आयाममा सहुलियत प्रदान गरिने छ।उत्पादन अभियानमा संलग्न भई तोकिएको लक्ष्य अनुसारको बाली वस्तुहरुको उत्पादन गर्ने कृषकहरुलाई प्रतिफलमा आधारित नगद भुक्तानी गरिने छ। लक्षित बालीहरुको मुल्य श्रृंखला विकासको लागि आवश्यक प्रमुख पूर्वाधारहरु निर्माण गरिने छन् । सहुलियत सम्बन्धी व्यवस्था निम्न अनुसार हुनेछ ।

(क) सरकारी जग्गामा निर्माण हुने सार्वजनिक प्रयोजनका कृषि पूर्वाधारको लागि १०० प्रतिशत लगानी

(ख) सामुहिक पूर्वाधारहरुमा ८५ प्रतिशत सम्म नेपाल सरकार र १५ प्रतिशत उपभोक्ता (उत्पादन अभियानमा सहभागी कृषक) को लगानी हुनेछ र यस्ता पूर्वाधार बनाउदा जग्गाको स्वामित्व समुह सहकारीको नाममा हुनु पर्ने छ। एक करोड भन्दा बढी लागत लाग्ने पूर्वाधारहरुको हकमा खरिद प्रक्रिया सार्वजनिक खरिद ऐन अनुसार हुने छ।

(ग) कृषि एम्बुलेन्स सेवा तथा अन्य कृषि उपज ढुवानी साधनमा तोकिए बमोजिमको सहुलियत लागतको ५० प्रतिशत हुने छ। यस्तो अनुदान अधिकतम रु.२० लाख सम्म हुन सक्ने छ। भन्सार छुट प्राप्त गर्नेले यो सुविधा प्राप्त गर्ने छैनन।



सचिव

सचिव

(घ) निजि कम्पनी र फर्महरुको हकमा उत्पादन प्रयोजनमा प्रयोग हुने, भन्सार छुट नपाउने मेसिनरीहरुमा भन्सार इन्ट्रि मुल्यको २५ प्रतिशत र सिभिल निर्माण कार्यमा लागतको २५ प्रतिशत अनुदान खरिद/निर्माण कार्य सम्पन्न भए पश्चात उपलब्ध गराईने छ। निजि कम्पनीले निर्माण गर्ने पूर्वाधारहरुको हकमा जग्गा कम्पनीको नाममा हुनु पर्ने छ र अनुदानको सिमा बढिमा १.७५ करोड सम्म हुने छ। १ करोड भन्दा बढी अनुदान प्रवाह गरीने परियोजनाको हकमा बिज्ञ टोलीबाट appraisal गरी संभाब्य देखिएमा मात्र सम्वन्धित लगानी गर्नु पर्ने छ। निजी क्षेत्रबाट निर्माण गरिने पूर्वाधारहरुले उत्पादन क्षेत्रका कृषकहरुको लक्षित तथा अन्य वालीवस्तुको खरिद सम्झौता गरी कार्यान्वयन गर्नु पर्ने छ। न्युनतम समर्थन मुल्यमा धान खरिद गर्ने निजि क्षेत्रलाई सहकारिहरुले हाल प्राप्त गर्ने वरावरको सहुलियत अनुदान उपलब्ध गराईने छ।

(ङ) उन्नत प्रविधि प्रसारको लागी गरिने बिउ प्रसारण किट, नतिजा प्रदर्शन, तरिका प्रदर्शन तथा उत्पादन प्रदर्शन, बृहत क्षेत्र उत्पादन प्रदर्शन जस्ता कार्यहरुको लागि आवश्यक उत्पादन सामग्री पुर्ण अनुदानमा सञ्चालन गर्न सकिने छन। यस्मा लाग्ने उत्पादन समाग्रीको प्रति ईकाई लागत स्थानीय बजार दर रेट अनुसार तय गर्न सकिने छ।

(च) बालि वस्तुको मुल्य शृङ्खला प्रवर्द्धनको लागि उपयोग हुने मेशिनरी औजार उपकरणहरुमा बजार मुल्यको सर्वेक्षण गरी प्राप्त मुल्यको बढीमा ५० प्रतिशत सम्म अनुदान प्रवाह गर्न सकिने छ।

(छ) कार्यक्रम सञ्चालनको लागि उपलब्ध जनशक्ति अपुग भएमा विषय विज्ञलगायतको सेवा तथा बालि अवधि भरि प्राविधिक स्वयं सेवक परिचालनको लागी सम्वन्धित स्थानीय तहमा विनियोजित बजेटको ५ प्रतिशत सम्म खर्च गर्न सकिने छ।

(ज) अन्य सहुलियतहरु सम्वन्धित यस कार्य विधिको सम्वन्धित बाली वस्तुको खण्डमा उल्लेख भए अनुसार हुने छ।

**९.सेवाग्राहीलाई दिइने सहुलियत उल्लेख गर्नु पर्ने:** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गरी सेवा प्रवाह गर्ने सेवाप्रदायक अनुदानग्राही (जस्तै कोल्डस्टोर, ढुवानी सेवा, कस्टम हायरिङ्ग सेन्टर र उत्पादन सामग्री बिक्रेता) ले आफुले प्रदान गर्ने सेवाहरुमा सम्बन्धित सेवाग्राहीलाई सहुलियत दरमा सेवा प्रवाह गर्ने व्यवस्था सुनिश्चित गरी लागू गर्नुपर्ने छ।

**१०.दोहोरो सुविधा लिन नपाउने:** संघ, प्रदेश र स्थानीयतह अन्तर्गत सञ्चालित कार्यक्रममा अनुदान प्राप्त गरेका अनुदानग्राहीलाई एकै प्रकृतिको कामको लागि यस कार्य विधि अन्तर्गत सञ्चालित कार्यक्रमबाट एक भन्दा बढि निकायबाट अनुदान उपलब्ध गराईने छैन।

**११.अनुदान सत्यापन (Field Verification) तथा प्रतिफल अनुगमन समिति:** यस कार्यक्रम अन्तरगत प्रवाह गरिने अनुदान सहुलियत तथा पूर्वाधारहरुको निर्माणको उपयुक्तताको पहिचान गर्न प्रवाह गरिने अनुदान



सचिव

सहुलियतले यस कार्यक्रमको उद्देश्य प्राप्तिको सुनिश्चतता गर्न र अनुदान लक्षित बर्गमा पुगेको नपुगेको सत्यापन गर्न स्थानीय तहमा तपशिल अनुसारको समिति रहने छ। कृषि विकास समिति गठन भई सञ्चालनमा रहेको अवस्थामा कार्यपालिकाले निर्णय गरी यसै समितिले उपरोक्त कार्य गर्न सक्ने छ।

अध्यक्ष: स्थानीय तहको उपाध्यक्ष

सदस्य: स्थानीय तहको प्रमुख  प्रशासकिय अधिकृत

सदस्य: कार्यक्रम सञ्चालन हुने वडाको वडा अध्यक्ष

सदस्य: पशु सेवा प्राविधिक

सदस्य सचिव: कृषि शाखा प्रमुख

यस समितिले अनुदान वा सहुलियत सम्वन्धित लाभग्राहीलाई भुक्तानि गर्नु पुर्व ३ दिनको समय दिई सार्वजनिक गरी गुनासो सुन्ने र अनुदान वा सहुलियत दोहोरो नभएको दुरुपयोग नभएको तथा उद्देश्य प्राप्त गर्न सफल रहेको यकिन गरी भुक्तानीको लागि सिफारिस गर्नु पर्ने छ।

**१२.विभिन्न निकायहरुको भूमिका र जिम्मेवारी:**

**(१) कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

- राष्ट्रिय प्रार्थमिकता प्राप्त र मिसन सञ्चालनको लागि बालि बस्तुहरुको पहिचान गर्ने
- लक्षित बालि बस्तुहरुको उत्पादन अभियानमा सहभागी हुन चाहाने र प्राविधिक रुपले संभाव्य स्थानीय तहहरुको पहिचान गरी वालि वस्तु अनुसारको स्थानीय तहहरुको रोष्टर तयार गर्ने
- छानिएका बालि बस्तुहरुको स्थानीय तह अनुसार लक्ष्य निर्धारण गर्ने
- कृषिमा आत्म निर्भरताको लागि अभियानको नेतृत्व बजेटको सुनिश्चतता तथा समन्वय गर्ने
- उत्पादन अभियान कार्यक्रमको अनुगमन मुल्यांकन गरी प्राप्त उपलब्धीहरु सहितको बार्षिक रिपोर्ट तयार गर्ने
- कृषि अनुसन्धान, कृषि विश्व विद्यालय तथा अन्य संघ संस्थाहरु संग आवश्यक समन्वय गर्ने
- उत्पादन अभियानको लागि आवश्यक प्रविधि आयात गर्ने

**(२) प्रदेश कृषि क्षेत्र हेर्ने मन्त्रालय:**

- स्थानीय तहहरुमा अभियानमुखि कार्यक्रम सञ्चालनको लागि मातहतका निकायहरुको कार्यक्रम केन्द्रित गर्ने
- स्थानीय तहहरु र संघीय मन्त्रालय संग कार्यक्रम सञ्चालनको लागी आवश्यक समन्वय गर्ने
- कार्यक्रम सञ्चालनमा दोहोरोपना नभएको सुनिश्चता गर्ने
- कार्यक्रमको निरन्तर अनुगमन गरी प्रभावकारी कार्यान्वयनको सुनिश्चता गर्ने
- अन्तर स्थानीय तहमा कार्यक्रम सञ्चालनको लागि आवश्यक पूर्वाधारहरुको संभाव्यता अध्ययन सञ्चालन प्रक्रियाको निर्धारण तथा स्थापना र सञ्चालनको सुनिश्चितता गर्ने
- कार्यक्रम सञ्चालनकोलागि स्थानीय तहका प्राविधिकहरुको क्षमता विकास गर्ने आवश्यक विज्ञ सेवा प्रदान गर्ने



सचिव

- नया प्रविधि हस्तान्तरणको लागि कृषि अनुसन्धान परिषद तथा अन्य निकाय संग समन्वय गर्ने
- कृषक अगुवाहरु तथा सेवा प्रदायकहरुलाई तालीम प्रदान गरी गुणस्तरीय सेवाको सुनिश्चत गर्ने
- स्थानीय स्तरमा भएको उत्पादनलाई उद्योगसँग जोड्न आवश्यक समन्वय गर्ने ।

**(३) स्थानीय तहः**

- आत्मनिर्भरता अभियान अन्तरगत लक्षित बाली बस्तुहरुमा कार्यक्रम सञ्चालन गर्ने
- कार्यक्रम सञ्चालन गर्ने वडाहरुको पहिचान
- कृषक समुह सहकारीहरुको पहिचान तथा कार्यक्रम सञ्चालनको सुनिश्चतता
- नया समुह तथा उत्पादक संस्थाहरुको गठन तथा दर्ता
- कार्यक्रम सञ्चालनको लागि स्थानीय स्तरमा कुनै कानुनको आवश्यकता भएमा सो को निर्माण तथा कार्यान्वयन
- परिमाण लक्ष्य सहित उत्पादन योजनाको निर्माण स्विकृति तथा कार्यान्वयन
- कार्यक्रम सञ्चालनको लागि आवश्यक प्राविधिकहरुको परिचालन (कार्यरत एक गांउ एक प्राविधिक र नया यस आवमा नियुक्त भएका कृषि अधिकृत तथा भेटनरी डाक्टरहरु) तथा प्राविधिक सेवाको सुनिश्चता
- उत्पादनको बजार सुनिश्चतताको लागि निजि क्षेत्र तथा सहकारी क्षेत्र संग समन्वय गरी खरिद समझौता सुनिश्चतता गर्ने
- कार्यक्रम सञ्चालनको लागि आवश्यक पूर्वाधारहरुको निर्माण तथा सञ्चालन
- निजि क्षेत्रलाई आवश्यक पूर्वाधारहरुको पहिचान र अति आवश्यक पूर्वाधारहरुको निर्माणमा सहयोग गर्ने
- आवधिक रुपमा प्रगति प्रतिवेदनहरु तयार गरी सम्वन्धित निकायमा पठाउने
- कार्यक्रम सञ्चालनको लागि संघ र प्रदेशसँग समन्वय गर्ने
- लक्षित बालि केन्द्रित नमुना कृषि प्रविधि गांउहरुको (Village Center of Excellence) पहिचान विकास तथा सञ्चालन गर्ने
- कृषि अनुसन्धान परिषद अन्तरगत सम्वन्धित बालि वस्तुको अनुसन्धान कार्यक्रम संग स्थानीय स्तरमा आवश्यक समन्वय गर्ने ।

**(४) कृषि अनुसन्धान परिषदको भुमिकाः**

- सरोकारवालाहरु संग समन्वय गरी कृषि उत्पादकत्व बृदि गर्न कृषकको बारीमा FAT लगायत अन्य समस्यामा आधारित अनुसन्धान गर्न योग्य विषयहरुको पहिचान गरी अनुसंन्धानगर्ने
- पहिचान गरिएका बालीहरुको Package of Practices (POP) तयार गर्ने गराउने
- अनुसन्धान केन्द्रहरुमा उन्नत जातका बाली, तरकारी, फलफूल र घासेबालीका श्रोत बीउ (breeder and foundation), पशुका उन्नत नस्ल र माछा भुरा उत्पादन गरी बीउ उत्पादक सहकारी तथा कम्पनीलाई उपलब्ध गराउने



सचिव

- Argo-ecological based agroadvisory सेवा दिने
- स्थानीय तह प्रदेशका जिल्ला स्थित कार्यालयहरु संगको समन्वयमा प्रविधि र सिकाई केन्द्रहरुको स्थापना गर्ने
- प्रविधिहरुको आयात र स्थानीयकरण गर्ने ।

**(५) सहकारी क्षेत्रको भुमिका:**

- कृषक सहकारीलाई उत्पादन अभियानमा परिचालन गर्ने
- उत्पादन सामग्रिको आपूर्ति उत्पादन अभियान सञ्चालन उत्पादित उपजको प्रशोधन मुल्य अभिबृध्दि तथा बजारिकरणमा योगदान गर्ने
- कृषि उपजहरको विक्रिवितरणको संजाल विकास गर्ने
- कृषि अनुसन्धान परिषद संग सहकार्य गरी प्रजनन तथा आधार बिउ बाट मुलबिउ उत्त्पदान गरी कृषकलाई उपलब्ध गराउने ।

**(६) कृषि शिक्षा क्षेत्रको भुमिका:**

- कृषि प्राविधिक शिक्षालयहरुले आफ्नो कार्यक्षेत्र वरिपरि तोकिएका बालीहरुको उत्पादन अभियान सञ्चालन गर्ने
- कृषि विश्वविद्यालयले Center of Excellence स्थापना गर्ने र कार्य क्षेत्रमा तोकिएका बालीहरुको उत्पादन अभियान सञ्चालन गर्ने
- कृषि विश्वविद्यालयहरुले प्राथमिकता प्राप्त वालीहरुमा अनुसन्धान सञ्चालन गर्ने
- उत्पादन अभियान कार्यक्रम सञ्चालनको लागि स्थानीय तहहरुमा कृषि ईन्टर्नहरु परिचालन गर्ने ।

**(७) निजी क्षेत्रको भूमिका:**

- गुणस्तरीय कृषि उत्पादन सामग्रिको आयात, उत्पादन तथा वितरणमा सहभागी भई आपूर्तिको सुनिश्चता गर्ने
- उत्पादित कृषि उपजको संकलन प्रशोधन तथा विक्रि वितरणको सुनिश्चतता गर्ने
- विदेशि तथा स्वदेशी ब्यवसायिक क्षेत्रहरु संग समन्वय गरी (B2B) उपयुक्त र आवश्यक प्रविधि भित्र्याउने
- उत्पादन अभियान सञ्चालनमा लगानि गर्ने
- उत्पादित कृषि उपजलाई उद्योग संग जोड्ने र संकलन भण्डारण तथा प्रशोधन संजालको विकास गर्ने
- नार्क संग सहकार्य गरी प्रजनन तथा आधार बिउ बाट मुलबिउ उत्त्पादान गरी कृषकलाई उपलब्ध गराउने ।



सचिव

**१३. प्रगति प्रतिवेदन पठाउनु पर्ने:** (१) सम्वन्धित स्थानीय तहले त्रैमासिक एवं वार्षिक प्रगति विवरण तोकिएको ढाँचामा कार्यक्रम संग सम्वन्धित निकायमा पठाउनु पर्नेछ। यस बाहेक समय समयमा माग भए बमोजिमको प्रगति तथा अन्य विवरण समेत पठाउनु पर्नेछ।

(२) कार्यक्रमको नियमित प्रतिवेदन पेश नगर्ने तथा प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन नगर्ने स्थानीय तहलाई आगामी आवमा कार्यक्रम सञ्चालनका लागि वजेट प्रस्ताव गरिने छैन।

(३) कार्यक्रमबाट लाभान्वित लाभग्राहिको **परिचय खुल्ने (नाम, ठेगान, सम्पर्क नं.)** विवरण तयार गरी सम्बन्धित निकायमा प्रगति प्रतिवेदन साथ पठाउनु पर्नेछ।

**१४. निर्देशक समिति:** यस कार्यविधि बमोजिम स्थानीय तह तथा प्रदेशका निकायहरुवाट सञ्चालन हुने कार्यक्रमको प्रक्रियालाइ सहजीकरण गर्न देहायको एक निर्देशक समिति रहनेछ

(क) सचिव (कृषितर्फ)/सचिव (पशुपन्छीतर्फ), मन्त्रालय: संयोजक/सह-संयोजक[1]

(ख) कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद: सदस्य

(ग) सह-सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: सदस्य

(ङ) महानिर्देशक, कृषि विभाग: सदस्य

(ङ) महानिर्देशक, पशुसेवा विभाग विभाग: सदस्य

(च) सहसचिव, भुमि व्यवस्था सहकारी तथा गरीबी निवारण मन्त्रालय: सदस्य

(छ) सहसचिव, योजना आयोग: सदस्य

(ज) सहसचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा, मन्त्रालय: सदस्य सचिव

(नोट: समिति संयोजक मन्त्रालयमा रहनु भएका सचिवहरु मध्ये जेष्ठ सचिवबाट हुनेछ)

**१५.अनुगमन र मूल्याङ्कन:** (१) कार्यक्रमको अनुगमन संघीय, प्रादेशिक तथा स्थानीय तहका सम्बन्धित निकायहरुबाट संयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछ। यसरी भएको अनुगमनको क्रममा दिईएको मौखिक वा लिखित निर्देशन पालना गर्नु अनुदान ग्राहीको कर्तव्य हुनेछ।

(२) यस अभियान अन्तरगत सञ्चालित कार्यक्रमहरुको नियमित अनुगमन, समन्वय र सहजीकरणका लागि विषय सम्वध्द विभागीय केन्द्रहरु/निकायहरुलाइ फोकल कार्यालयका रुपमा तोकिनेछ। फोकल कार्यालयले सम्वध्द क्षेत्रको प्रगती अवस्थावारे स्थानीय तह र प्रदेशका निकायहरुसंग समन्वय गरी कार्यप्रगती र अनुभूत समस्याको पृष्ठपोषण र समाधानको समन्वय गर्नेछन् ।

(३) स्थानीय तथा प्रदेशस्तरमा सञ्चालित कार्यक्रमहरुको प्रदेश मन्त्रालयबाट कम्तिमा वर्षको २ पटक संघ, प्रदेश र स्थानीय तह समेतको सहभागितामा कार्यक्रम कार्यान्वयनको समीक्षा गरी आवश्यक पृष्ठपोषण गर्नुपर्नेछ ।

<u>परिच्छेद- ४</u>

<u>कार्यक्रम कार्यान्वयनका प्राविधिक पक्ष</u>

**<u>१६.धान तथा मकै बाली प्रवर्द्धन कार्यक्रमः</u>**

**(१) उद्देश्यः**

(क) देशमा प्रमुख खाद्यान्न बालीहरु धान (मसिनो र मध्यम मसिनो प्रकृतिको धान), मकैको उत्पादन वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा सुधार गर्ने ।

(ख) उपलव्ध उत्पादन सामग्री र स्रोत एवं प्रविधिको उचित प्रयोग र अनुसरण मार्फत उत्पादन लागत कम गर्न र प्रतिस्पर्धात्मक क्षमता बढाउन मद्धत पुर्याउने ।

(ग) आयात कम गरी प्रमुख खाद्यान्नहरुमा आत्मनिर्भरता बढाउने ।

**(२) लक्षित समुहः** कृषक, कृषक समूह, कृषि सहकारी, सामुदायिक बीउ बैंक, उपभोक्ता समिती र तिनमा आवद्ध अन्य कृषकहरु एवं उत्पादन सामग्री आपूर्ति, बाली उत्पादन, प्रशोधन, भण्डारण र बजारिकरणसंग सम्वन्धित नीजि फर्म, उद्योगी तथा व्यवसायीहरु लगायत मूल्य श्रंखलाका अन्य सरोकारवालाहरु ।

**(३) प्रमुख क्रियाकलापहरुः** यस कार्यक्रमको प्रमुख लक्ष्य धान र मकैको उत्पादन र उत्पादकत्व बृधि रहेकोले यसैमा केन्द्रित रहि कार्यक्रम सञ्चालन गर्नु पर्ने छ। मसिना धान, चैते धान र दाना उद्दोगको लागि मकै उत्पादनको क्षेत्र विस्तार गर्न स्थान विशेषको लागि बढि उत्पादन दिने नयाँ जातहरुको प्रवर्धन, साना सिंचाई अन्तरगत सिंचित क्षेत्रको विस्तार, बीउ उत्पादन प्रवर्धन, कृषि यान्त्रीकरण सहयोग, नया प्रविधि प्रदर्शन, चैते धान उत्पादन क्षेत्रमा ड्रायरको प्रयोग, कृषकहरुलाई प्रतिफलमा आधारित अनुदान, उत्पादित चैते धान तथा मसिना धान खरिद गर्ने स्थानीय धान मिलहरुको क्षमता विकास सुधार तथा कृषकहरुलाई आवश्यक तालीम जस्ता कार्यक्रमहरु सञ्चालन गर्न सकिने छ।

**(४) सञ्चालन प्रक्रिया र सहुलियतः**

(क) अनुसन्धानबाट सिफारिश एवं नेपालमा दर्ता भएका मसिना धान र चैते धान एवं नेपाली हाइब्रिड धानको प्रवर्धनका लागि उन्नत जातको बीउ किट सत प्रतिशत अनुदानमा वितरण गर्न सकिनेछ।

(ख) उच्च उत्पादन दिने मसिनो जात (नेपाली हाइब्रिड समेत) धानको बृहत क्षेत्र प्रदर्शनी (Large plot demonstration) का लागि तराईमा कम्तीमा ५ कठ्ठा र पहाडमा ३ रोपनी क्षेत्रफलमा प्रदर्शनका क्रियाकलाप सञ्चालन गर्न सकिनेछ।

(ग) कम्तिमा १० हे. मा एकै जातको मसिनो धान वा चैते धानको सामुदायिक खेति (Community Farming) गर्ने कृषक समूह, सहकारीलाई प्रति कट्ठा बढीमा रु.६००। वा प्रति रोपनी रु.९००। का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिने छ। यसरी उपलब्ध गराइने नगद प्रोत्साहन अनुदान सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरिदिनुपर्नेछ र यस्तो अनुदान दूई पटक सम्म उपलब्ध गराउन सकिने छ।

(घ) पहिले चैते धान खेति नगरिएको स्थानमा सिफारिश जातको चैते धान खेति गर्ने कृषकलाई प्रति कट्ठा बढीमा रु.६००। वा प्रति रोपनी रु.९००। का दरले नगद प्रोत्साहन अनुदान उपलब्ध



सचिव

गराउन सकिने छ। चैते धान लगाएको ४५ दिन पश्चात सम्बन्धित स्थानीय तहको कृषि प्राविधिकले स्थलगत प्रमाणीकरण गरी अनुदान उपलब्ध गराउन सकिनेछ ।

(ङ) धान बाली कटानी पछि खालि हुने स्थानमा छोटो समयमा तयार हुने तेलहन तथा दलहन बाली लगाउन इच्छुक कृषकलाई बढिमा ५ कट्टा वा ३ रोपनी सम्मको लागि तेलहन तथा दलहन बालीको उन्नत बीउ बढिमा ५० प्रतिशत अनुदानमा उपलब्ध गराउन सकिनेछ ।

(च) मसिना जातको धान तथा चैते धानको श्रोत तथा उन्नत बीउको कारोबार गर्न मान्यता प्रात उत्पादक कृषक समूह, कम्पनी, सहकारी एवं सामुदायिक बीउ बैंकलाई **बीउ उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८** बमोजिम डिजिटल प्रणाली (डेसिस) मा आवद्ध भइ बीउ विक्रिमा सहजिकरण गरिने छ। धान तथा मकैको विउको मुल्यमा निर्देशिका बमोजिम अनुदान प्राप्त गर्न असमर्थ सम्वन्धित स्थानीय तहमका उन्नत बीउ प्रयोगकर्ता कृषकलाई मुल्य अनुदान स्वरुप बढिमा प्रति किलो रु.२५ का दरले खातामा उपलव्ध गराउन सकिने छ। तर नेपाली हाइब्रिड जातको मकैको बीउमा बढिमा प्रति किलो रु.५० हुन सक्ने छ।

(छ) मसिना धान र चैते धानका नँया उन्मोचित जात वा कृषि अनुसन्धान केन्द्रहरुबाट प्राप्त हुने उन्मोचन क्रममा रहेका उत्कृष्ट जातहरुको कृषक स्तरमा प्रति प्रदर्शन कम्तीमा १.५ कठ्ठा वा पहाडमा १ रोपनी क्षेत्रफल हुने गरी जातीय प्रदर्शन/परिक्षण सञ्चालन गर्न सकिनेछ ।

(ज) कृषि यान्त्रीकरण सहयोग कृषक समूह र कृषि सहकारीहरुलाई उत्पादन, प्रशोधन र बजारिकरणमा उपयोग हुने साना कृषि मेशिनरी औजार जस्तै:पावर/मिनि टिलर, विडर, मिनि हार्भेष्टर, रिपर, मिनि थ्रेसर, ब्रस कटर, कम्वाइन मिल, स्प्रेयर र सिड ट्रिटमेन्ट ड्रम लगायतका मेशिन/सामग्रीहरु सामुहिक प्रयोजनको लागि बढिमा ५० प्रतिसत अनुदानमा वितरण गर्न सकिनेछ । चैते धान तथा मकै उत्पादन गरिने क्षेत्रमा सामुहिक रुपमा राखिने वा निजि मिलहरुले राख्ने ड्रायरमा बजार मुल्यमा ८५ प्रतिशत सम्म अनुदान प्रदान गर्न सकिने छ।

(झ) साना सिंचाई अन्तर्गत सार्वजनिक/सामुदायिक कुलो निर्माण/मर्मत तथा सार्वजनिक/सामुदायिक/व्यक्तिगत रुपमा स्यालो ट्युववेल जडान र सोलार पम्प जडानमा अनुदान उपलव्ध गराउन सकिने छ । सामुदायिक साना सिँचाईमा तोकिएको बजेट सिमाको बढिमा ८५ प्रतिशत अनुदान र व्यक्तिगत साना सिँचाई स्किमको लागि बढिमा २५ प्रतिशत अनुदान उपलव्ध गराइने छ। कुलो निर्माण तथा मर्मतको लागि प्रति स्किम बढीमा रु.१०००००। र स्यालो ट्युववेल जडानको हकमा प्रति स्किम बढीमा रु.५००००। अनुदान प्रदान गर्न सकिनेछ । सोलार सिंचाईको हकमा भने एक वटा स्किमको लागि मात्र बढिमा रु.१५००००/ सम्म अनुदान उपलव्ध गराउन सकिनेछ ।

(ञ) सम्बन्धित स्थानीय तह वा नजिकमा रहेका धान चामल मिलहरुसंग स्थानीय तहमा उत्पादित मसिना जातको धान खरिदको लागि मिलको छनौट गरी आपूर्ति परिमाण, खरिदका शर्त एवं नेपाल सरकारले मध्यम मसिनो जातको धानको लागि तोक्ने न्यूनतम समर्थन मूल्यमा खरिद विक्रि गर्ने गरी समझदारी



सचिव

गर्न सकिने छ । यसरी छनौट गरिएको मिललाई मसिना जातका धान उत्पादन गरी विक्रि गर्ने कृषकलाई प्रोत्साहन स्वरुप बढिमा प्रति केजी रु.५ (पाँच) मीलमा विक्रि गरे पश्चात मिलको सिफारिसको आधारमा नगद अनुदान भुक्तानी गर्नु पर्नेछ तर प्रति रोपनी प्रोत्साहन अनुदान पाएका कृषकले यो सुविधा प्राप्त गर्ने छैनन।

(ट) सम्बन्धित स्थानीय तह वा नजिकमा रहेका दाना उद्योगहरुसंग स्थानीय तहमा उत्पादित हाइब्रिड मकै खरिदको लागि सूचना आव्हान गरी प्रचलित मूल्यमा खरिद विक्रि गर्ने गरी मकै उत्पादन क्षेत्रका कृषक समूह तथा सहकारी र दाना उद्योग विच समझदारी गर्न सकिने छ । समझदारी अनुरुप हाइब्रिड मकै विक्रि गर्ने कृषकलाई प्रोत्साहन स्वरुप उद्योगमा विक्रि गरेको परिमाणका आधारमा प्रति केजी रु.५ नगद प्रोत्साहन अनुदान दिन सकिनेछ तर प्रति रोपनि/कठ्ठा प्रोत्साहन अनुदान प्राप्त गर्ने कृषकहरुलाई यो सुविधा उपलब्ध गराईने छैन।

(ठ) सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा कृषकले उत्पादन गरेको मसिना जातको धान खरिद गर्न इच्छुक निजी तथा सहकारी बाट संचालित धान चामल मिलहरुको स्तरोन्नतिको लागि पूर्वाधार विकास तथा मेशिनरी खरिदमा अनुदान उपलव्ध गराउन सकिने छ। यसरी छनौट भएका मिलहरुसंग सकभर उत्पादन पकेट वा स्थानीय तहमा उत्पादन हुने धानको परिमाण र मिलको क्षमता समेतको आधारमा मिलहरुबाट खरिद हुने धानको परिमाण तोकि सम्झौता गर्न सकिनेछ छनौट भएको मिललाई देहाय बमोजिम कार्यहरुको लागि निजिको हकमा अधिकतम २५ प्रतिशत र सहकारीको हकमा ८५ प्रतिशत अनुदान उपलव्ध गराइने छ। यस्तो सहुलियत बढिमा एक पटक मात्र १ करोड ७५ लाख सम्म दिन सकिने छ।

क. मिलको स्तरोन्नतिको लागि मेशिन तथा थप पार्टपूर्जा

ख. धान भण्डारण गोदाम निर्माण गर्न सेड निर्माण/ मर्मत तथा dryer खरिद

ग. धान सुकाउने खलो निर्माण/मर्मत

(ड) सम्भाव्यताको आधारमा सम्बन्धित निकायको अग्रसरतामा उत्पादन पकेटका कृषक र मसिना धान खरिद गर्न इच्छुक धान मिलहरु विच धान कटानी गर्नु भन्दा कम्तिमा एक महिना अघि छलफल कार्यक्रम आयोजना गरी खरिद गरिने धानको परिमाण, धानको गुणस्तर, ढुवानीको माध्यम, रकम भुक्तानी विधि आदि बारे विस्तृत छलफल गरी कृषक समुदाय र मिल सञ्चालक विच सहमतिमा मसिना धान खरिद एवं विक्रि गर्न सकिने छ। धान रोपाई र बाली कटानी दुई आर्थिक वर्षमा विभाजित हुने भएकोले यस कार्यक्रम अन्तर्गत कृषक र मिल सञ्चालक विच धान खरिद बारे आपसी सहमति यसै कार्यविधि बमोजिम धान रोप्नु अघि नै गर्ने र आगामी आ. व. मा बजेट व्यवस्था भएमा बाली कटानी भइ सके पछि सहमति बमोजिम खरिद विक्रि परिमाणको आधारमा प्रतिफलमा आधारित अनुदान उपलव्ध गराउन सकिने छ ।

सचिव सचिव

(ढ) उच्च उत्पादन दिने मसिनो जातको (नेपाली हाइब्रिड समेत) धानको बृहत क्षेत्र प्रदर्शनी (Large plot demonstration) का लागि कम्तीमा तराईमा १० कठ्ठा र पहाडमा ५ रोपनी क्षेत्रफलमा प्रदर्शनका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ।

**(५) न्यूनतम मापदण्डः**

(क) धानबाली प्रवर्द्धन कार्यक्रम/मकैबाली प्रवर्द्धन कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरुले कार्यक्रममा तोकिए अनुसारको हिउदे मकैको थप क्षेत्रफल विस्तार अनिवार्य रुपमा गर्नु पर्ने छ। यी बालीहरुको हालको क्षेत्रफललाई थप क्षेत्रफल विस्तारमा गणना गरिने छैन र तोकिएको क्षेत्रफल नपुऱ्याउने स्थानीय तहलाई आगामि आवहरुमा बजेट विनियोजन गरिने छैन। तोकिएका कार्यक्रमहरु उत्पादन ब्लकहरुमा एकिकृत रुपमा सञ्चालन गर्नुपर्नेछ ।

(ख)स्थानीय तहले तोकिएको बालीमा मात्र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ भने कुनै स्थानीय तहमा एकभन्दा बढी बालीको लागि सर्शत बजेट हस्तान्तरण भएको भए प्रत्येक बालीको लागि छुट्टाछुट्टै कार्यक्रम विस्तृतिकरण गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

जिल्लास्थित कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालयले समन्वय गरी स्थानीय तहले सञ्चालन गर्ने कृयाकलापलाई सहयोग पुग्ने गरी क्रियाकलापहरु सञ्चालन गर्नु पर्ने छ।

**१७.<u>तरकारी उत्पादन कार्यक्रमः</u>**

**(१) उद्देश्यः**

(क)सघन मानव वस्ती वरिपरिका स्थानीय तहमा ताजा तरकारी उत्पादन प्रवर्धन गरी राष्ट्रिय आत्मनिर्भरता अभियानमा योगदान पुऱ्याउने,

(ख)शहर र ग्रामिण क्षेत्र विच तरकारी बालीको सुदृढ आपूर्ति सृंखला स्थापना गरी उत्पादक आर्थिक सम्वन्ध स्थापित गर्ने,

(ग) उत्पादन हुने तरकारी बालीको उत्पादन उपरान्त क्षति न्यूनिकरण गर्न सहयोग गर्ने ।

**(२) अपेक्षित प्रतिफलः**

(क)तरकारीबालीको क्षेत्रफल बिस्तार,

(ख)उत्पादन तथा उत्पादकत्व वृद्धि,

(ग) सुदृढ तरकारी आपूर्ति सृंखला सघन मानव बस्तीमा ताजा तरकारीको दिगो आपूर्ति ।

**(३) लक्षित स्थानीय तहहरुः** ठुला शहर, महानगर, उपमहानगर को वरिपरिका स्थानीय तह तथा ताजा तरकारी आपूर्ति गर्ने आपूर्ति सृंखलामा आवद्द तथा भविस्यमा जोडिन सक्ने अन्य स्थानीय तहहरु।

**(४)प्रमुख कार्यक्रम तथा गतिविधिहरुः**यो कार्यक्रमका प्रमुख क्रियाकलापमा सघन शहरी केन्द्रहरुलाई बर्षै भरि आन्तरिक उत्पादनबाट तरकारी आपूर्ति गर्न तरकारी खेतिको क्षेत्रफल विस्तार, आधुनिक प्रविधिको प्रवर्धन बजारको सुनिश्चतता रहेको छ। यस कार्यक्रम अन्तरगत स्थानीय तहहरुले स्थानीय प्राविधिक संभाब्यता कृषकको आवश्यक्ता बजारको माग, परिमाण र सिजन हेरी तरकारी क्षेत्रफल विस्तार अभियान

सञ्चालन गर्नु पर्ने छ। यस अन्तरगत उत्पादन सामग्रीको सुनिश्चता, उत्पादन अभियानमा सहभागी कृषकहरुलाई विउ मल तथा अन्य सामग्रमा सहुलियत, प्राविधिक तालीम तथा क्षमता विकास, नया प्रवधिहरुको प्रदर्शन पूर्वाधार विकास, साना सिंचाई, साना चिस्यान केन्द्र निर्माण, बजारिकरण तथा बजार सुनिश्चतता, प्रशोधन तथा मुल्य अभिबृधि, प्राविधिक सेवा तथा प्राविधिक परिचालन यान्त्रिकरण सहयोग आदि गतिविधिहरु सञ्चालन गरिने छन। ठुला पूर्वाधार तथा बजार केन्द्रहरु आवश्यक भएमा संभाब्यता अध्ययन गरी उपयुक्त देखिएमा संघीय मन्त्रालय संगको सहकार्यमा क्रमश निर्माण गरिने छ।

**(५) सञ्चालन प्रक्रिया तथा सहुलियतः** तरकारि उत्पादन र बजारिकरणको लागि संभाव्य वस्तीहरुको पहिचान गरी यस कार्यक्रम सहभागी हुने कृषक, कृषक समुह, कृषक सहकारी तथा निजि फर्महरुलाई सुचिकृत गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने छ। यस कार्यक्रममा सहभागी हुने प्रत्येक कृषकले तरकारी खेति गरिने क्षेत्रफल उत्पादनको लक्ष्य सहित सहभागी हुनु पर्ने छ। तरकारी खेतिको क्षेत्रफल विस्तारमा नया सहभागी हुने कृषकहरुलाई मौसमि तरकारी उत्पादनको लागी प्रति रोपनी रु.१५००/ का दरले र बेमौसमी तरकारी खेति गर्ने कृषकहरुलाई रु.२०००/ का दरले तरकारी लगाई सके पछि क्षेत्रफल यकिन गरी प्रोत्साहन अनुदान प्रदान गर्न सकिने छ। यस्तै पोलिहाउसमा तरकारी खेति गर्ने कृषकहरुलाई स्थानीय प्रविधिमा आधारित प्रति वर्गमिटर संरक्षित संरचनाकोलागि रु.१३०/ निर्माण पश्चात नापजांच गरी कृषकको खातामा प्रदान गर्न सकिने छ। साना सिंचाई यान्त्रिकिकरण तथा अन्य पूर्वाधारको हकमा परिच्छेद ३ दफा ८ मा उल्लेख भए अनुसारको सहुलियत प्रदान गर्न सकिने छ।

**(६) न्यूनतम मापदण्डः** कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरुले कार्यक्रममा तोकिए अनुसार तरकारी खेतिको क्षेत्रफल विस्तार अनिवार्य रुपमा गर्नु पर्ने छ। तरकारि बालिको हालको क्षेत्रफल यस्मा गणना गर्न सकिने छैन र तोकिएको क्षेत्रफल नपुऱ्याउने स्थानीय तहलाई आगामि आवहरुमा बजेट विनियोजन गरिने छैन। तोकिएका कार्यक्रमहरु उत्पादन ब्लकहरुमा एकिकृत रुपमा सञ्चालन गर्नुपर्नेछ।

**<u>१८.आलु उत्पादन कार्यक्रमः</u>**

**(१) उद्देश्यः**

(क)गुणस्तरीय बीउ आलुको प्रयोगबाट आलुको उत्पादन र उत्पादकत्व बढाई आयात प्रतिस्थापन गर्न सहयोग पुर्याउने,

(ख)व्यवसायीक आलु खेतिमा कृषकहरुको संलग्नता बढाई क्आलुबालीको क्षेत्रफल विस्तार र आम्दानी वृद्धि गर्ने।

**(२) अपेक्षित प्रतिफलः**

(क)उत्पादन तथा उत्पादकत्व वृद्धि,

(ख)क्षेत्रफल विस्तार।

**(३)प्रमुख कार्यक्रम तथा गतिविधिः** यस कार्यक्रम अन्तरगत स्थानीय तहहरुले स्थानीय प्राविधिक संभाब्यता कृषकको आवश्यक्ता बजारको माग परिमाण र सिजन हेरी आलु बालीको क्षेत्रफल विस्तार अभियान सञ्चालन गर्नु पर्ने छ। स्थान विशेषको संभावना हेरी शरदकालीन हिउदे बसन्ते तथा बर्षे आलुको क्षेत्रफल विस्तारमा कार्यक्रम सञ्चालन गर्नु पर्ने छ। यस अन्तरगत उत्पादन सामग्रीको सुनिश्चता, उत्पादन अभियानमा सहभागी

कृषकहरुलाई विउ मल तथा अन्य सामग्रमा सहुलियत, प्राविधिक तालीम तथा क्षमता विकास, नया प्रवधिहरुको प्रदर्शन, पूर्वाधार विकास, बजारिकरण तथा वजार सुनिश्चतता, प्राविधिक सेवा तथा प्राविधिक परिचालन, यान्त्रिकरण सहयोग, चिस्यान केन्द्रमा भण्डारण, बीउ प्याकेजिंग बीउ भण्डारण )बीउ आलु उत्पादन गर्ने कृषकको हकमा आदिमा खर्च गर्न सकिने छ। अनुदानको मापदण्ड परिच्छेद ३ दफा ८ अनुसार हुने छ।

**(४) कार्यक्रम सञ्चालन प्रक्रिया तथा सहुलीयत:** आलु उत्पादन र बजारिकरणकोलागि संभाब्य वस्तिहरुको पहिचान गरी यस कार्यक्रम सहभागी हुने कृषक, कृषक समुह, कृषक सहकारी तथा निजि कम्पनी/ फर्महरुलाई सुचिकृत गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने छ। यस कार्यक्रममा सहभागी हुने प्रत्येक आलुवालीको क्षेत्रफल विस्तार र उत्पादनको लक्ष्य सहित सहभागी हुनु पर्ने छ। आलुको नया क्षेत्रफल विस्तार गर्ने कृषकहरुलाई प्रति रोपनी रु १५०० का दरले प्रोत्साहन अनुदान आलु लगाएको क्षेत्रफल यकिन गरी प्रदान गर्न सकिने छ। कृषकहरुलाई प्रदान गरिने अन्य सहुलियतहरु उत्पादन कलष्टरहरुमा एकिकृत रुपमा प्रवाह गर्नु पर्ने छ र अनुदानको सिमा परिच्छेद ३ दफा ८ मा उल्लेख भए अनुसार हुने छ।

**(५) न्यूनतम मापदण्ड:** यस कार्यक्रममा सहभागी स्थानीय तहले कार्यक्रममा तोकिए अनुसारको आलुको क्षेत्रफल थप विस्तार गर्नु पर्ने छ। स्थानीय संभाब्यता, बाटघाटोको पहुच भएको स्थानहरुलाई आलु उत्पादनको लागी कलष्टरहरुको पहिचान गरी एकिकृत रुपमा सहुलियत तथा अनुदान प्रवाह गर्नु पर्ने छ। हाल आलु उत्पादनमा रहेको क्षेत्रलाई क्षेत्रफल विस्तारको रुपमा गणना गर्न सकिने छैन। यसरी उत्पादन तथा क्षेत्रफल विस्तार कार्य सञ्चालन गर्दा समुह सहकारी मार्फत गर्नु पर्ने छ।

## १९. <u>शहर तथा घना बस्ती केन्द्रित दूध उत्पादन कार्यक्रम:</u>

**(१) उद्देश्य:**

(क) गाई भैंसी पालनलाई व्यवस्थित र व्यवसायीकरण गरी उत्पादन लागत घटाउने । दुध उत्पादन, संकलन र वितरणमा प्रतिस्पर्धी लाभ र क्षमता भएका स्थानीयतहहरुमा थप ५० वटा सघन दुध उत्पादन पकेट स्थापना गरी उत्पादन तथा संकलन प्रकृयालाई विस्तार गर्दै दूधमा आत्मनिर्भरता हासिल गर्न योगदान पुर्‍याउने।

(ख) दुग्ध संकलन र औपचारिक क्षेत्रको औद्योगिक प्रशोधनमा जाने दुधको परिमाणलाई वृद्धि गर्ने

(ग) दुग्ध बजारीकरणको सवलीकरण मार्फत शहरी क्षेत्रबाट ग्रामिण क्षेत्रमा नगद प्रवाह बृद्धि गर्ने।

(घ) दूधको बजारीकरणको लागि पूर्वाधारको विकास गर्दै दुग्ध बजार सञ्जाल विस्तार एव नयाँ मिल्क ग्रिड स्थापना गर्ने।

**(२) अपेक्षित प्रतिफल:**

(क) घना जनघनत्व भएका प्रमुख शहर आसपास रहेका स्थानीय तहहरुमा प्रति स्थानीय तह औषतमा १ पकेटका दरले ५० वटा दुग्ध उत्पादन पकेट बिस्तार हुने।



सचिव

(ख)दैनिक ३ लाख ली दुध उत्पादन गरी १ लाख १२ हजार लीटर दूध औपचारिक बजार सञ्जालमा उपलब्ध हुने ।

(ग) २५ वटा थप सामुदायिक पशु प्रजनन केन्द्र स्थापना भएको हुने

(घ) थप १ लाख पशुमा कृत्रिम गर्भाधान सेवा पुगेको हुने

(ङ) करिब २ लाख पशुमा खोप तथा परजिवी नियन्त्रणको कार्यक्रम पुगेको हुने

(च) प्रति पकेट ५ समुह र प्रति समुह १५ कृषक गरी ७५० कृषक परिवार गाईभैसीपालनमा आबद्ध हुनेछन्।

(छ)जर्सी तथा होलिस्टन क्रस गाई तथा मुर्रा र मुर्रा क्रस भैसी प्रवर्द्धन गरी प्रति पकेट १५० माउ गाईभैसी गरी ७५०० माउ गाईभैसीको फाउन्डेशन स्टक तयार हुने।

(ज) यो फाउन्डेशनस्टकबाट प्रतिदिन औषत १५ लीटरका दरले दैनिक १ लाख १२ हजार ५ सय लीटर र प्रति वर्षथप ३० हजार ३ सय ७५ मे.ट.दूध उत्पादन भई औपचारिक बजारमा आउने।

(झ)यो स्टकबाट प्रति २ वर्षमा २५०० पाडीबाच्छी उत्पादन भईबजारीकरण हुने र ३ वर्षपछि प्रतिवर्ष ३ हजार गाईभैसीको स्टक थप हुदै करिब ९ हजार पशुको रिप्लेसमेन्ट तयार हुदै जाँदा दूध उत्पादन वृद्धि भई पाडीबाच्छी आपूर्ति गर्न सहज हुने र प्रति वर्ष पाडीबाच्छीको संख्यामा समेत वृद्धि हुदै जाने।

(ञ) ५०० ली क्षमताका ५० वटा दुध संकलन केन्द्र स्थापना भएको हुने

(ट) १००० ली क्षमताका ५० वटा दुध संकलन केन्द्र स्थापना भएको हुने

(ठ) ३००० ली क्षमताका २५ वटा दुध चिस्यान केन्द्र स्थापना भएको हुने

(ड) मध्यपहाडी क्षेत्रमा ५० वटा ५०० ली देखि १००० ली क्षमताका चिस्यानसहितको दूध ढुवानी साधन खरिदभई वितरण भएको हुने

(ढ) ५० वटा दुग्ध सहकारी संस्था स्थापना तथा सबलीकरण भएको हुने

(ण) ५ वटा दुग्ध उद्योगहरुलाई पूर्वाधार निर्माण तथा मेशिनरीहरुको जडानमा ऋण सहयोग भएको हुने

(त) १०० सहकारी तथा निजी दुग्ध उद्योगमा दुधको गुणस्तर सुधार भएको हुनेछ ।

(थ) करिब ५०० जना दुग्ध संकलन प्रशोधन बजार सहजकर्ताहरुको क्षमता अभिबृद्धि भएको हुने ।

(द) करिब १००० जना कृषकले दुग्ध विविधिकरण तालिम प्राप्त गरेका हुने ।

(ध) शहरी क्षेत्रमा प्रशोधित दूधको हालको खपतमा वार्षिक १० प्रतिशतले वृद्धि भएको हुनेछ।

**(३) प्रमुख कार्यक्रम गतिविधिहरुः** यस कार्यक्रमको मुल उद्देश्य दुधको उत्पादन बढाउनु र उत्पादित दुधलाई बजार संजाल संग जोड्नु रहेको छ। दुधको उत्पादन बढाउन प्रति कृषक उन्नत जातका गाईभैसीको संख्या



सचिव

बढाउने परम्परागत जातका गाईभैंसी पालन गर्ने कृषकहरुलाई उन्नत जात पालनमा आकर्षित गर्ने तथा आहारा र अन्य व्यवस्थापन सुधार गरी दुधको उत्पादकत्व बढाउने क्रियाक्लाप केन्द्रित रहेका छन।

**(क) नश्लसुधार** अन्तर्गत कृत्रिम गर्भाधान कार्य, उन्नत/राँगा साँढे वितरण कार्य, उत्पादनको अभिलेखीकरण कार्य, बंशावलीमा आधारित छनौट कार्य, कृत्रिम गर्भाधानको रिपोर्टिङ कार्य आदि संचालन गर्नु पर्नेछ।

**(ख) भेटेरिनरी सेवा** अन्तर्गत प्रयोगशाला सेवा, रोग तथा परजीवी नियन्त्रण, सर्भिलेन्स खोप कार्य रोग रोकथाम आकस्मिक उपचार नमूना संकलन स्वास्थ्य उपचारका कार्यहरू गर्नु पर्नेछ।

**(ग) आहारा व्यवस्थापन** तर्फ पशु दाना तथा दाना पदार्थ आपूर्ति मिनरल मिक्चर व्यवस्थापन हे साईलेज लगायत संतुलित आहारा व्यवस्थापन बाह्रै महिना हरियो घाँस उपलब्धताको लागि घाँसको बीउ-बेर्ना वितरण र सिँचाई पूर्वाधार सहयोग आदि कार्यहरु गर्न सक्नेछन।

**(घ) उत्पादन अभियान अन्तर्गत** गोठ सुधार सहयोग, गाईभैंसी खरीद मूल्यमा अनुदान, गुणस्तर वृद्धि गर्न GHP कार्यान्वयन, फार्म मेसिनरी तथा उपकरण, तालीम तथा क्षमता विकास कार्यक्रम अन्तर्गत कृषक तथा प्राविधिकस्तर तालिम, अवलोकन भ्रमण र जानकारी मूलक सन्देश प्रकाशन/ प्रसारण आदि पर्न सक्ने छन ।

**(ङ) औपचारिक क्षेत्रमा दुग्ध प्रवाहिकरण अन्तर्गत तपशिल अनुसारका क्रियाक्लाप संचालन हुने छन:**

- दुग्ध सहकारी संस्था स्थापना तथा सबलीकरण गर्न ५ किमी क्षेत्रमा दुध संकलन केन्द्र स्थापना र प्रति १५ देखि २५ कि मी क्षेत्रमा ३ हजार लीटर क्षमताका दुध चिस्यान केन्द्र स्थापना गर्न ईच्छुकसहकारी, नीजी डेरी उद्यमी र व्यवसायीलाई प्रोत्साहन ।
- झोल दूध बजारीकरण तथा बजार सुनिश्चितताका लागि स्थानीय तह आफैं वा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा सहकार्यमा दुध संकलन केन्द्र चिलिङ्ग सेन्टर लगायतका भौतिक पूर्वाधार विकास, चिस्यान केन्द्र निर्माण गरी निजी क्षेत्रलाई व्यवस्थापन करार गर्न सक्ने
- दूध ढुवानी गर्ने ठूला ट्याङ्कर तथा ५०० देखि १००० ली क्षमताका चिस्यान सहित दूध ढुवानी साधनमा अनुदान,
- दिनमा २ पटक दूध संकलन गर्न सक्ने गरीि क्षमता वृद्धि गरी सहकारी संस्था मार्फत दुग्ध संकलन केन्द्र निर्माण तथा सन्चालन
- मिनील्याव संचालन गर्न चाहने सहकारीलाई मेसनरी उपकरण तथा पूर्वाधार निर्माणमा सहयोग र सहजीकरण गर्ने ।

**(४) कार्यक्रम संचालन तथा सहुलियत:**

- शहर तथा घना बस्ती केन्द्रित दूध उत्पादन कार्यक्रम सशर्त अनुदानको रुपमा पहिलो वर्ष कार्यकर्मको लागि छनौटमा परेका प्रत्येक स्थानीय तहमा एक पकेटको दरले ३ बर्षमा १५० सघन दूध उत्पादन पकेट स्थापना र सञ्चालन गरिने छ। संघीय निकाय कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग र मातहतका निकायस र सम्बन्धित प्रादेशिक निकायहरुले कार्यक्रम

अभिमुखिकरण, कार्यक्रमको अर्धवार्षिक प्रगति समीक्षा संयुक्त कार्यक्रम अनुगमन, आदि कार्यक्रम सहकार्य र समन्वयमा गर्न सक्ने छ।

- उच्च उत्पादकत्व गुण भएको राँगो-साँढेको गुणस्तरीय सिमेन खरिद, वितरण तथा व्यवस्थापन (४ लाख डोज) तथा तरल नाइट्रोजन, मदर कन्टेनर तथा अन्य लजिस्टिक खरिद तथा वितरण कार्य गर्न सक्ने छ ।
- कृषकहरुलाई प्रदान गरिने अन्य सहुलियतहरु उत्पादन कलष्टरहरुमा एकिकृत रुपमा प्रवाह गर्नु पर्ने छ र अनुदानको सिमा परिच्छेद ३ दफा ८ मा उल्लेख भए अनुसार नै हुने छ। कृषकहरुले उन्नत जातको गाईभैसिको संख्या थप्न नया कृषक उन्नत गाईभैसि पालनमा सहभागी गराउन उन्नत जातका गाईभैसि खरिदमा मुल्यको ५० प्रतिशत अनुदान दिन सकिने छ।

**(५) न्यूनतम मापदण्डः**

(क) तालिम गोष्ठी भ्रमण अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढीमा ५ प्रतिशत मात्र खर्च गर्नु पर्नेछ ।

(ख) कार्यक्रममा तोकियका क्रियाकलपहरु स्थानीय आवश्यकता र औचित्यताको आधारमा सामान्य परिमार्जन गर्न सक्ने र समान्य सबै कार्यन्वयन गर्नु पर्नेछ ।

(ग) कार्यक्रममा आवद्ध कृषक उद्यमी व्यवसायीले अनिवार्य वीमा गर्नु पर्नेछ ।

(घ) समन्वय सहकार्य र सहअस्तित्वको मर्म बमोजिम सम्बन्धित विभाग निकायमा आवधिक रुपमा तोकिएको ढाँचामा अनिवार्य रुपमा प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

**<u>२०.गरिवि न्युनिकरण तथा मासुमा आत्मनिर्भरताको लागि बाख्रा पालन प्रवर्धन कार्यक्रम</u>:**

**(१) उद्देश्यः**

(क) देशमै उत्पादित खसी वोकाको संकलन, बजारीकरण र आन्तरिक उपभोग वृद्धि गर्ने ।

(ख) खसी बोका उत्पादन मार्फत मासुमा आत्मनिर्भरता हासिल गर्न योगदान गर्ने।

(ग) खसी बोकाको आन्तरिक बजारीकरण सुदृढ गर्ने।

**(२) अपेक्षित प्रतिफलः** तराई भित्री मधेश तथा पहाडी जिल्लाहरुका स्थानीय तहहरुमा प्रति स्थानीय तह औषतमा २ पकेटका दरले २०० पकेट बिस्तार हुने। प्रति पकेट ५ समुह र प्रति समुह २० कृषक गरी २०००० कृषक परिवार बाख्रा पालनमा आबद्ध हुने। यी जिल्लाहरुमा खरी क्रस बाख्रा प्रवर्द्धन गरी प्रति कृषक १० माउ बाख्रा व्यवस्थापन गरी २००००० माउ बाख्राको स्टक तयार हुने। यो स्टक बाट प्रति २ वर्षमा ८००००० बाट पाठापाठी उत्पादन भई बजारिकरण हुने र प्रति बर्ष ३ लाख ६० हजार बाख्राको रिप्लेस्मेन्टस्टक तयार हुदै जाँदा प्रति बर्ष १ लाख ७८ हजार खसी बोका बजारीकरणमा आउने।

**(३)प्रमुख कार्यक्रम गतिविधिहरुः** यस कार्यक्रम अन्तरगत देहायका क्रियकलापहरु संचालन गर्न सकिने छ ।

**(क) नश्ल सुधारः** कृत्रिम गर्भाधान कार्य, उन्नत/खरी बोका वितरण कार्य, उत्पादनको अभिलेखीकरण कार्य, बंशावलीमा आधारित छनौट कार्य, कृत्रिम गर्भाधानको रिपोर्टिङ आदि सञ्चालन गर्नु पर्नेछ।



सचिव

**(ख) भेटेरिनरी सेवा:** गोबर परीक्षण, परजीवी तथा रोग नियन्त्रण, खोप अभियान (पि.पि.आर. Enterotoxaemia), रोग निदान सर्भिलेन्स तथा स्वास्थ्य उपचारका कार्यहरू गर्नु पर्ने ।

**(ग) आहारा व्यवस्थापन:** बाख्राको दाना तथा दाना पदार्थ आपूर्ति, युरिया मोलासेस मिनरल मिक्चर व्यवस्थापन, हे, साईलेज लगायत संतुलित आहारा व्यवस्थापन, बाह्रै महिना हरियो घाँस उपलब्धताको लागि घाँसखेती, घाँसको बीउ-बेर्ना वितरण र सिँचाई पूर्वाधार सहयोग आदि कार्यहरु गर्न सक्ने ।

**(घ) उत्पादन अभियान:** खोर सुधार सहयोग ,बाख्रा/पाठी खरीद मूल्यमा अनुदान ,गुणस्तर वृद्धि गर्न GHP कार्यान्वयन ,तालिम तथा क्षमता विकास कार्यक्रम अन्तर्गत कृषक तथा प्राविधिकस्तर तालिम ,अवलोकन भ्रमण र जानकारी मूलक सन्देश प्रकाशन /प्रसारण आदिपर्न सक्ने छन ।

**(ङ) बजारीकरण कार्यक्रम:** खसी बोका बजारीकरण तथा बजार सुनिश्चितताका लागि सथानीय तह आफैं वा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा सहकार्यमा:

- भौतिक पूर्वाधार विकास तथा खसी बोका संकलन केन्द्र निर्माण तथा संचालन।
- तौलने मेसिन लगायका अन्य सामग्री अनुदानमा वितरण ।
- खसीवोका सङ्कलन र बजारीकरण सहभगी सहकारी निजि सङ्कलन केन्द्र पूर्वाधार निर्माण तथा मेशिनरीहरुको जडानमा ऋण सहयोग उपलब्ध गराउनको लागि बैंकहरुमार्फ सहुलियत व्याजमा ऋण लागि आवश्यक सहजीकरण गर्न सक्ने ।
- सङ्कलन केन्द्र स्थापना तथा सबलीकरण गर्न प्रति पालिका २ वटा दरले सङ्कलन केन्द्रको स्थापना गर्न ईच्छुक स्थानीय सहकारी, निजी उद्यमी र व्यवसायीलाई प्रोत्साहन सुविधा उपलव्द्ध गराउन सक्ने ।
- उत्पादित खसीवोका औपचारिक रुपमा मुख्य वजारसम्म पुर्याए वापत प्रोत्साहन अनुदान, ढुवानी गरेवापत प्रति २० के.जी जिउँदो तौलका आधारमा ढुवानी अनुदान दिन सक्ने ।
- खसीवोका बजारीकरण तथा बजार सुनिश्चितताका लागि स्थानीय तह आफैं वा प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा सहकार्यमा सङ्कलन केन्द्र लगायतका भौतिक पूर्वाधार विकास, केन्द्र निर्माण गरी निजी क्षेत्रलाई व्यवस्थापन करार गर्न सक्ने ।
- खसीवोका ढुवानी गर्ने सवारी साधनमा अनुदान दिन सक्ने ।
- बजार मूल्यसूची तथा सूचना प्रणालीको स्थापना र विकास गर्न सक्ने ।
- साना तथा मझौला विक्री कक्षमा स्थानीयस्तरमा सङ्कलन गरी विक्री वितरण प्रोत्साहन ।
- दैनिक मुल्य सुचना प्रणालीको स्थापना गरी सूचित गर्ने व्यवस्था गर्न सक्ने ।

**(४) कार्यक्रम संचालन तथा सहुलियत:**

- मासुमा आत्मनिर्भरताको लागि बाख्रापालन प्रवर्द्धन कार्यक्रम अनुदानको रुपमा पहिलो वर्ष कार्यकर्मको लागि छनौटमा परेका ५० स्थानीय तहमा दुई पकेटका दरले ३ बर्षमा ६०० बृहत्तर पकेट सञ्चालन हुने छ ।

सचिव सचिव

- कृषकहरुलाई प्रदान गरिने अन्य सहुलियतहरु उत्पादन कलष्टरहरुमा एकिकृत रुपमा प्रवाह गर्नु पर्ने छ र अनुदानको सिमा परिच्छेद ३ दफा ८ मा उल्लेख भए अनुसार नै हुने छ।
- कृषकहरुले उन्नत जातको बाख्राको संख्या थप्न नया कृषक उन्नत बाख्रा पालनमा सहभागी गराउन उन्नत जातका बाख्रा खरिदमा मुल्यको ५० प्रतिशत अनुदान दिन सकिने छ।

**(५) न्युनतम मापदण्ड:**

- तालिम गोष्ठी भ्रमण अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढीमा ५ प्रतिशत मात्र खर्च गर्नु पर्नेछ ।
- कार्यक्रममा तोकियका क्रियाकलापहरु स्थानीय आवश्यकता र औचित्यताको आधारमा सामान्य परिमार्जन गर्न सक्ने र समान्यतय सवै कार्यन्वयन गर्नु पर्नेछ ।
- कार्यक्रममा आवद्ध उद्यमी व्यवसायीले अनिवार्य बीमा तथा लगानी सुरक्षण गर्नुपर्नेछ ।
  समन्वय सहकार्य र सहअस्तित्वको मर्म बमोजिम सम्बन्धित विभाग निकायमा आवधिक रुपमा तोकिएको ढाँचामा अनिवार्य रुपमा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ

## २१. माछा लक्षित उत्पादन वृद्धि कार्यक्रम

**(१) उद्देश्य:**

(घ) जातको उत्पादन एवं उत्पादकत्व वृद्धि गरी आत्मनिर्भरता अभियानमा योगदान पुर्याउने
(ङ) मत्स्यपालनको क्षेत्रमा थप रोजगारी सिर्जना गर्ने
(च) मत्स्य मूल्य शृंखलाको सबलीकरण तथा बर संजाल विस्तार गर्ने

**(२) अपेक्षित प्रतिफल:**

(क) वार्षिक २००० मे. टन दाना उत्पादन हुने गरी २ स्थान (प्रदेश) मा मत्स्यदाना उद्‌योग स्थापना हुने
(ख) वार्षिक थप २.५ करोड शुद्ध नश्लको फ्राईभुरा उत्पादन हुने
(ग) मत्स्यपालनका लागि थप ४५५ हे. नया पोखरी निर्माण हुने
(घ) थप ६६५ हे पुराना पोखरी सुदृढीकारण हुने
(ङ) वार्षिक थप ४५०० मे टन माछाको उत्पादन वृद्धि भई मुलुक माछामा आत्मनिर्भर हुने
(च) वटा खाने माछा संकलन केन्द्र निर्माण हुने
(छ) ९ वटा खाने माछा ढुवानी साधन प्रयोगमा आउने
(ज) थप २५०० जना मत्स्य कृषकको प्रत्येक्ष तथा १०००० अप्रत्यक्ष् रोजगारी सिर्जना हुने।

**(३)लक्षित स्थानीय तहहरु:**कार्य माछा लक्षित उत्पादन वृद्धि कार्यक्रम मुख्य रुपले माछको उत्पादन वृद्धिलाइ लक्षित् गरी तराइ तथा मध्य पहाडी क्षेत्रका तहमा सञ्चालन गरिने छ। नया पोखरी निर्माण गरी क्षेत्र विस्तारका कार्यक्रमहरु मत्स्यपालनका लागि सम्भावित स्थानीय तहहरुमा सञ्चालन गरिने र पुराना पोखरी सुदृढीकारण गरिने छन।



सचिव

**(४)सञ्चालन हुने कार्यक्रमहरु:**यस कार्यक्रम अन्तरगत माछा उत्पादनको लागी नया पोखरीहरुको निर्माण पुराना पोखरीहरुको मर्मत सुधार घोल तालहरुको सुधार गरी माछा उत्पादनको क्षेत्रफल विस्तार तथा उत्पदकत्व बृधि रहेको छ। यसकालागी सहयोगी कार्यक्रमको रुपमा प्रयोग नर्सरीहरुको स्थापना तथा ससुधार, माछा पालनमा पानीको व्यवस्थाको लागी बोरिंग, कुलो मर्मत जस्ता पुर्वाधार विकास, माछा पालनको लागी आवश्यक उपकरण मेशिनरीको प्रयोग विस्तार, माछाको लागी आवश्यक दाना उद्दोगहरुको प्रवर्धन, माछा पालक कृषकहरुलाई विद्दुत महसुलमा अनुदान, माछा संकलन केन्द्र तथा चिस्यान घरहरुको निर्माण, नया प्रविधि प्रदर्शन, माछा ढुवानी साधनमा सहयोग तथा माछा उत्पादक कृषकहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न सकिने छन।

**(५) कार्यक्रम सञ्चालन प्रक्रिया तथा सहुलियत:**

(क) तालिम गोष्ठी भ्रमण अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढीमा ५ प्रतिशत मात्र खर्च गर्नु पर्नेछ ।

(ख)कार्यक्रममा तोकियका क्रियाकलापहरु स्थानीय आवश्यकता र औचित्यताको आधारमा सामान्य परिमार्जन गर्न सक्ने र समान्यतय सवै कार्यन्वयन गर्नु पर्नेछ ।

(ग) कार्यक्रममा आवद्ध उद्यमी व्यवसायीले अनिवार्य बीमा तथा लगानी सुरक्षण गर्नुपर्नेछ ।

(घ) समन्वय सहकार्य र सहअस्तित्वको मर्म बमोजिम सम्बन्धित विभाग/निकायमा आवधिक रुपमा तोकिएको ढाँचामा अनिवार्य रुपमा प्रगति प्रतिवेदन पेश गर्नुपर्ने ।

(ङ) कृषकलाई प्रदान गरिने अनुदान साना सिंचाई पूर्वाधार विकास तथा अन्य अनुदानहरु परिच्छेद ३ दफा ८ उल्लेख भए अनुसार प्रदान गर्न सकिने छ। नया पोखरीहरुको निर्माण पोखरीहरुको निर्माणमा लागत मुल्यको ५० प्रतिशत पुराना पोखरीहरुको मर्मत सम्भारमा लागतको २५ प्रतिशत सम्म अनुदान दिन सकिने छ।

**(६) न्युनतम मापदण्ड:**

(क) तालिम गोष्ठी भ्रमण अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढीमा ५ प्रतिशत मात्र खर्च गर्नु पर्नेछ ।

(ख)कार्यक्रममा तोकियका क्रियाकलापहरु स्थानीय आवश्यकता र औचित्यताको आधारमा सामान्य परिमार्जन गर्न सक्ने र समान्यतय सवै कार्यन्वयन गर्नु पर्नेछ।

(ग) कार्यक्रममा आवद्ध उद्यमी व्यवसायीले अनिवार्य बीमा तथा लगानी सुरक्षण गर्नुपर्नेछ।

(घ) समन्वय सहकार्य र सहअस्तित्वको मर्म बमोजिम सम्बन्धित विभाग निकायमा आवधिक रुपमा तोकिएको ढाँचामा अनिवार्य रुपमा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

सचिव



सचिव

## २२.खेतीयोग्य बाँझो जमिनमा कृषि उत्पादन कार्यक्रम सञ्चालनः

(१) **उद्देश्यः**

- बाँझो जमिनको उपयोग गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि उपजमा आत्मनिर्भरताका लागि सहयोग पुऱ्यउने
- स्थानीय स्तरमा रोजगारी सृजना गर्ने
- खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याउने ।

(२) **बाँझो जग्गाः**हाल बाँझो रहेको कृषि उत्पादन प्रयोजनमा उपयोग गर्न योग्य निजि, सरकरी तथा सार्वजनिक जग्गा प्रचलित कानुनले दिएको हद सम्म स्थानीय तहले स्थानीय आवश्यक्ता अनुसारको कार्य विधि बनाई कृषि बाली बस्तुको उत्पादन कार्यमा परिचालन गर्न सक्ने छन।

(३) **प्रमुख कार्यक्रमः**

- **जमिन /गह्रा सुधार तथा यान्त्रिकीकरण प्रवर्द्धन कार्यक्रमः** यस कार्यक्रम अन्तरगत सिचाईका लागि सोलार, लिफ्ट, मोटर पम्प लगायतका सिचाई पूर्वाधार निर्माण, साना मेशिनरी उपकरण, पोष्टहार्भेष्ट उपकरण आदिमा अनुदान सहयोग क्रियाकलापहरु सञ्चालन हुनेछन् ।
- **कृषि सामग्री व्यवस्थापनः** यस अन्तरगत उन्नत बीउ बिजन तथा वेर्नाको उपलब्ध गराउने, मलखाद वितरण, बाली संरक्षण सामग्रीहरु उपलब्ध गराउने, सहुलियतपूर्ण कृषि ऋण आदि क्रियाकलापहरु सञ्चालन हुनेछन् ।
- **बजारीकरण सहयोग कार्यक्रमः** यस अन्तरगत पोष्टहार्भेष्ट केन्द्र निर्माण, संकलन केन्द्र निर्माण, अन्य बजार पूर्वाधार निर्माण, न्यूनतम समर्थन मूल्यमा कृषि उपजको खरिद आदि क्रियाकलापहरु सञ्चालन हुनेछन् ।
- **साझेदारीमा सञ्चालन हुने कार्यक्रमः** यस अन्तरगत कृषि विज्ञान विषय अध्ययन अध्यापन गर्ने गराउने शैक्षिक संस्था वा तालीम केन्द्रसँगको लागत साझेदारीमा सिकाई केन्द्र स्थापना गर्ने, विद्यार्थी वा प्रशिक्षार्थीहरुले व्यवहारिक अभ्यासका लागि नमूना प्रदर्शन स्थल बनाउने लगायतका क्रियाकलापहरु सञ्चालन हुनेछन् ।

(४) **कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) बाँझो रहेका खेतीयोग्य जमिनहरुलाई उपयोगमा ल्याई उपयुक्त कृषि बालीहरुको उत्पादनमा सहभागी हुनाका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा प्राप्त कार्यक्रम प्रस्ताव तथा निवेदनका आधारमा स्थानीय तहमा सशर्त अनुदानका रुपमा हस्तान्तरण गरिने छ ।

(ख) स्थानीय तहहरुले आफ्नो क्षेत्र भित्र रहेको कानुन सम्मत तरिकाले कृषि उत्पादन प्रयोजनमा उपयोग गर्न सकिने बांझो जग्गाहरुको पहिचान गरी लगत तयार गर्नु पर्ने छ।

(ग) लगत तयार भए पश्चात स्थानीय आवश्यकता परिवेश उपयोगको प्राविधिक आर्थिक सामाजिक संभाव्यता अनुसार कृषि उत्पादनमा उपयोगको कार्ययोजना तयार गर्नु पर्ने छ।

सचिव

(घ) यसरी तयार भएको कार्ययोजनामा लगानिको खाका तयार गरी निजि क्षेत्र सहकारी क्षेत्र कृषक समुह स्थानीय तह तथा मन्त्रालयको लगानिको अनुपात निर्धारण गरी कार्य पालिका बाट स्विकृत गराउनु पर्ने छ।

**(५)कार्यक्रम कार्यान्वयन तथा सहुलियत:**

(क) स्थानीय तहले बांझो जग्गा उपयोग सम्वन्धमा ऐन, निर्देशिका तयार गरी यस्तो जग्गाको उत्पादन प्रयोजनमा उपयोगको कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सक्ने छ। यस कार्यक्रममा अन्तरगत छनौट हुने लाभग्राही कृषक, कृषक समुह, सहकारी तथा निजी फर्महरुले सम्बन्धित स्थानीय तहसँग सम्झौता गरी सम्झौता बमोजिम काम शुरु गर्नुपर्नेछ ।

(ख) यस कार्यक्रम अन्तरगत संचालन हुने गतिविधिहरुमा यस कार्यविधीमा उल्लेख भए अनुसारको सहुलियत अनुदान प्रवाह गर्न सकिने छ।

(ग) यस कार्यक्रम अन्तरगत कृषि उत्पादनमा प्रयोग हुने जमिन (बाँझो, बगर तथा उपयोगमा नआएका क्षेत्रहरु) को क्षेत्रफलको आधारमा स्थानीय तहले अनुदान उपलब्ध गराउन सक्नेछ।

**(६) न्युनतम मापदण्ड:** बाँझो जग्गाको उत्पादनमा परिचालन प्रचलित कानुनले दिएको हद सम्म गर्नुपर्ने छ। यस्तो जग्गाको उपयोग गर्दा खेति गर्न चाहाने तर जग्गा नभएका भुमिहिन सुकुम्बासी, मुक्त कमैया तथा सिमान्तकृत समुदायलाई प्राथमिकता दिनु पर्नेछ।

**<u>२३.बीउ विजन आत्मनिर्भर कार्यक्रम</u>:**

**(१) उद्देश्य:**

(क) प्रमुख खाद्यान्न बालीको श्रोत; उन्नत तथा वर्णशंकर बीउ उत्पादन गरी गुणस्तरीय बिउ बिजनको आपूर्ति गर्ने,

(ख) पूर्वाधार विकास, क्षमता अभिवृद्धि, यान्त्रिकीकरण प्रवर्द्धन तथा मूल्य अभिवृद्धिका क्रियाकलापहरु सञ्चालन गरी बीउ बिजन क्षेत्रलाई थप सुदृढीकरण गर्ने,

(ग) प्रमुख खाद्यान्न बालीहरुको बीउ तथा जात प्रतिस्थापन दर बृद्धि गर्ने ।

**(२)लक्षित बाली तथा वस्तुहरु:** धान, मकै तथा गहुँको खुल्ला सेंचित बीउ उत्पादन तथा मकैको वर्णशंकर बीउ उत्पादन ।

**(३) अपेक्षित प्रतिफल:**

(क) कम्तिमा ७००० मे.टन गुणस्तरीय उन्नत बीउको थप उत्पादन हुने ।

(ख) कृषकहरु माझ गुणस्तरीय बीउको आपूर्ती भई बीउ प्रतिस्थापन दर बृद्धि हुने ।

(ग) बीउको उत्पादकत्व कम्तिमा २० प्रतिशतले वृद्धि हुने ।

**(४)कार्यक्रम तथा प्रमुख क्रियाकलापहरु:** यस कार्यक्रम अन्तरगत स्रोत विउ तथा उन्नत विउको उत्पादन बृधि गरी उन्नत विउमा कृषकको पहुच बढाउने गतिविधीहरु सञ्चालन गर्नु पर्ने छ। मुख्य रुपमा स्रोत विउमा अनुदान स्रोत विउ तथा उन्नत विउ उत्पादन गर्ने कृषकहरुको संख्या बृधि गरी विउ उत्पादनको क्षेत्रफल



सचिव

विस्तार, उत्पादित विउको गुणस्तर कायम, विउ उत्पादन क्षेत्रमा सिंचाई, यान्त्रिकिकरण, विउ उत्पादन प्रवर्धनको लागि आवश्यक पुर्वधारको विकास, विउ प्रशोधनकोलागी आवश्यक पूर्वाधार तथा यन्त्र औजारहरु, विउ बजारीकरण तथा विउ उत्पादक कृषकको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्न सकिने छन।

**(५) कार्यक्रम सञ्चालन तथा सहुलियत:**

- बीज बृद्धि कार्यक्रम तर्जुमा गर्न सर्वप्रथम स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा आवश्यक उन्नत बीउको परिमाण यकिन गर्न तथ्याङ्क संकलन गर्नु पर्नेछ ।
- प्राप्त तथ्याङ्कको आधारमा खाद्यान्न बीउमा आत्मनिर्भर हुने दिशामा कृषक समूह, नीजि बीउ उत्पादक उद्यमी र सहकारी संस्थाहरुलाई बीउ बिजन उत्पादन कार्यक्रममा संलग्न गराउने । छनौटका आधारमा सकभर १ देखि २ वटा बीउ उत्पादक समूह/सहकारी/ नीजि उद्यमी छनौट गर्ने ।
- बीउ उत्पादक छनौटका आधार:
  - ✓ बीउ संचय गर्न सक्ने क्षमता भएका ।
  - ✓ बीउ उत्पादन क्षेत्रमा पृथकता दुरी कायम गर्न सकिने ।
  - ✓ उत्पादन साधन प्रयोग गर्न सक्ने क्षमता भएका ।
  - ✓ बीउ उत्पादन कार्यमा सहयोगी भावना भएका ।
  - ✓ बीउ उत्पादन सम्बन्धी तालीम प्राप्त तथा कार्य अनुभव भएका ।
  - ✓ पहाडमा न्यूनतम् ६ हेक्टर र तराईमा १५ हेक्टरमा बीउ उत्पादन कार्यक्रम सञ्चालन गर्न सक्ने।
- श्रोत बीउ (मूल बीउ र प्रमाणित बीउ) को जात तथा परिमाण राष्ट्रिय बीउ बिजन समितिमा एक वर्ष अगावै पठाउनुपर्ने छ ।
- स्थानीय तहले आफ्नो स्थानीय तहको क्षेत्रभित्र वर्णशंकर बीउ उत्पादन गरिरहेका वा इच्छुक नीजि कम्पनी तथा संस्था र किसानका लागि कार्यक्रममा भाग लिन सार्वजनिक सूचना प्रवाह गर्नेछ ।
- इच्छुक नीजि कम्पनी तथा संस्थाले इन्ब्रिड लाइन प्राप्ति तथा विगतमा वर्णशंकर बीउ उत्पादनमा संलग्न भएको वा वर्णशंकर बीउ उत्पादन गर्न सक्ने राष्ट्रिय बाली विशेष अनुसन्धान केन्द्रको सिफारिस पत्र, उत्पादनमा संलग्न हुने किसान, क्षेत्रफल तथा Buy Back Arrangement सहितको वर्णशंकर बीउ उत्पादनको कार्ययोजना सहित निवेदन पेश गर्नुपर्नेछ।
- इच्छुक नीजि कम्पनी तथा संस्थाले वर्णशंकर मकै बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत बीउ भण्डारणको लागि कोल्ड रुम तथा पूर्वाधार निर्माणमा अनुदान तथा बीउ प्याकेजिङ्ग सहयोग प्राप्त गर्न अनिवार्य रुपमा बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रको सिफारीस पेश गर्नुपर्नेछ ।
- कार्यक्रम तथा क्रियाकलापको वर्णशंकर मकै बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत पहिचान भएका क्रियाकलापहरुमध्ये आवश्यक देखिएको तोकिएको सेवा सुविधाको दायरा भित्र रही लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने छ।

सचिव

सचिव

- स्थानीय तहले आफ्नो स्थानीय तहको क्षेत्रभित्र वर्णशंकर बीउ उत्पादन गरिरहेका वा इच्छुक नीजि कम्पनी तथा संस्था र किसानका लागि कार्यक्रममा भाग लिन सार्वजनिक सूचना प्रवाह गर्नेछ ।
- इच्छुक नीजि कम्पनी तथा संस्थाले इन्ब्रिड लाइन प्राप्ति तथा विगतमा वर्णशंकर बीउ उत्पादनमा संलग्न भएको वा वर्णशंकर बीउ उत्पादन गर्न सक्ने राष्ट्रिय बाली विशेष अनुसन्धान केन्द्रको सिफारिस पत्र, उत्पादनमा संलग्न हुने किसान, क्षेत्रफल तथा Buy Back Arrangement सहितको वर्णशंकर बीउ उत्पादनको कार्ययोजना सहित निवेदन पेश गर्नुपर्नेछ।
- इच्छुक नीजि कम्पनी तथा संस्थाले वर्णशंकर मकै बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत बीउ भण्डारणको लागि कोल्ड रुम तथा पूर्वाधार निर्माणमा अनुदान तथा बीउ प्याकेजिङ्ग सहयोग प्राप्त गर्न अनिवार्य रुपमा बीउ विजन गुणस्तर नियन्त्रण केन्द्रको सिफारीस पेश गर्नुपर्नेछ ।
- कार्यक्रम तथा क्रियाकलापको वर्णशंकर मकै बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम अन्तर्गत पहिचान भएका क्रियाकलापहरुमध्ये आवश्यक देखिएको तोकिएको सेवा सुविधाको दायरा भित्र रही लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने छ।
- कृषकलाई प्रदान गरिने साना सिंचाई पूर्वाधार विकास तथा अन्य अनुदानहरु परिच्छेद ३ दफा ८ उल्लेख भए अनुसार प्रदान गर्न सकिने छ। स्रोत विउ उत्पादक कृषकहरुलाई प्रोत्साहन अनुदान स्वरुप स्रोत विउ उत्पादनमा गहुमा रु २५, धानमा मसिना तथा बासनादारको रु २० मोटाधानको रु १० र उन्नत विउ उत्पादनको हकमा गहुमा रु १० र धानमा मसिना तथा बासनादारको रु २० मोटाधानको रु १० प्रति केजिका दरले अनुदान प्रवाह गर्न सकिने छ। यस्तो अनुदान प्रवाह गर्दा विउ प्रशोधन कर्ताले कृषकबाट विउ प्राप्त गरेको सिफारिस परिमाणको आधारमा कृषकको खातामा भुक्तानि गर्नु पर्ने छ। विउ प्रशोधनमा संलग्न निजि ब्यवसायी समुह तथा सहकारीलाई विउ प्याकेजींग तथा ब्राण्डीङको लागी रु १ लाख सम्म अनुदान प्रवाह गर्न सकिने छ।

यस कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम छनौट भएका अनुदानग्राहीले सञ्चालन गर्नुपर्ने क्रियाकलाप, सो को समयसारणी, अनुदानग्राहीले पालना गर्नुपर्ने शर्त, अनुदान रकम एवं भूक्तानी विधि उल्लेख गरी सम्वन्धित स्थानीय तहले अनुदाग्राहीसँग सम्झौता गर्नुपर्नेछ ।

**२४.न्युनतम समर्थन मुल्य तोक्ने तथा खरिद विक्रि ब्यवस्था:**

**(१) उद्देश्य:**

- उत्पादक कृषकहरुको आफ्नो उत्पादनको उचित मूल्य उपलब्ध गराउन सहयोग पुऱ्याउने
- उत्पादक कृषकको उत्पादन बजारको सुनिश्चितता कायम गर्न सहयोग पुऱ्याउने
- उत्पादक कृषकलाई राष्ट्रिय आवश्यकताका कृषि उपजको खेती प्रति थप आकर्षित र उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सहयोग पुऱ्याउने
- मध्यस्थकर्ताबाट कृषकको अनुचित शोषणलाई कम गर्ने।

सचिव

सचिव

(२) **कार्यक्रमको विशेषताहरु:**

(क)स्थानीय तहले वाली लागाउनु पूर्व लक्षित बालीको उत्पादन लागतको आधारमा कृषकलाई न्युनतम नाफा हुने गरी न्यूनतम समर्थन मूल्य घोषण गर्नेछ । यसरी घोषणा गर्दा नेपाल सरकारले तोकेको धान गहु मकैको न्युनतम समर्थन मुल्य नै कायम हुने छ।

(ख)न्युनतम समर्थन मुल्य आफैमा समाधान नभएको र कतिपय अवस्थामा कृषकको हितमा नहुने हुनाले स्थानीय तहले सके सम्म कृषकले न्युनतम समर्थन मुल्यभन्दा बढि मुल्यमा विक्रि गर्न सक्ने गरी बजार पूर्वाधार, संकलन, भण्डारण ग्रेडिंग, प्याकिंग तथा बजार संजालको विकास गर्नु पर्ने छ। यसका लागी लक्षित बालिहरु मध्ये बजारको माग राम्रो भएको तथा बढि मुल्य प्रास गर्न सकिने बालि बस्तुको उच्च मुल्य प्रास गर्न सकिने समयमा उत्पादन गर्न प्रेरित गर्नु पर्ने छ।

(ग) यसका अतिरिक्त ब्यवसायीहरु संग समन्वय गरेर स्थानीय तहले buyback को ब्यवस्था गर्न सक्ने छन।

(३) **अपेक्षित उपलब्धीहरु:**

(क)कृषक समूह वा कृषि सहकारी संस्थाका सदस्य वा कृषि उद्यमी वा कृषकले उत्पादन गरेको कृषि उपजको खरिद नेपाल सरकारले तोकेकोमा सोहि अनुसार र अन्यको हकमा स्थानीय तहले तोके अनुसार न्यूनतम समर्थन मूल्यमा हुनेछ ।

(ख)खेतीबाली लागउने समय अगावै कृषि उपजको बिक्री मूल्य सुनिश्चित भई क्षेत्रफल विस्तार र उत्पादकत्व वृद्धिमा सहयोग पुग्नेछ ।

(४)**खरिदकर्ता छनौट सम्बन्धी व्यवस्था:**

(क)यो कार्यक्रम लागु गर्न चाहाने स्थानीय तहले यस कार्यक्रममा सहभागी हुन सार्वजनिक, निजि, सहकारी संस्थाहरुको लागी सुचना प्रकाशन गर्ने छ। सुचना प्रकाशन गर्दा न्यूनतम समर्थन मूल्यमा खरिद कार्य गरेवापत उपलब्ध हुन सक्ने प्रोत्साहन अनुदान रकम तथा अन्य शर्तहरु समेत उल्लेख गरी प्रकाशन गर्नु पर्नेछ। संकलन भएका आसय पत्रहरु मध्ये छनौट भएकाहरु संग स्थानीय तहले सहकारी नीजि खरिदकर्तालाई नेपाल सरकारले तोकेको न्यूनतम समर्थन मूल्यमा वा स्थानीय तहले तोकेको समर्थन मुल्यमा खरिद कार्य गर्न सार्वजनिक, नीजि तथा सहकारी खरिदकर्ता बीच त्रिपक्षीय MoU गर्न सक्ने छ। ।

(ख)यो कार्यक्रम कार्यन्वयनको लागी स्थानीय तहले ऐन र निर्देशिका बनाई लागु गर्ने सक्ने छ।

(ग) स्थानीय तहले ऐन बनाई कृषक, निजि फर्म र स्थानीय तहको शेयर लगानिमा स्थानीय तह भित्र उत्पादन हुने कृषि उपज न्युनतम समर्थन मुल्यमा खरिद विक्रि गर्न कम्पनी स्थापना गर्न सक्ने छन। यसरी स्थापना भएको कम्पनीकोलागी स्थानीय तहले मन्त्रालयको सहकार्यमा भण्डारण लगायतका पूर्वाधारमा अनुदान सहुलियत प्रदान गर्न सक्ने छ।

सचिव

सचिव

(घ) खरिदकर्ताले खरिद कार्यको मासिक फाँटवारी र उत्पादक कृषकलाई भुक्तानी गरेको रकम सहितको विवरण स्थानीय तहमा पठाउनु पर्ने छ।

(ङ) खरिदकर्ताले कृषि उपज बिक्री गर्ने उत्पादक कृषकहरुको भुक्तानी कृषि उपज खरिद गरेकै दिन वा खरिद गरेको मितिले बढीमा १५ दिन भित्र सम्बन्धित कृषकको बैंक खातामा रकम भुक्तानी गर्नु पर्नेछ र सोको विवरण समेत सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(च) न्यूनतम समर्थन मूल्य भन्दा कम मूल्यमा विक्री गर्नुपर्ने स्थित सिर्जना भएमा समझौतामा उल्लेख भए अनुसार देहाय बमोजिमको आवश्यक कागजात संलग्न गरी अन्तर मूल्य सोधभर्ना र प्रोत्साहन रकम स्थानीय तहसँग माग गर्नुपर्नेछ र स्थानीय तहले समझौता अनुसारको रकम कृषक वा खरिद कर्तालाई प्रदान गर्ने छ ।

- द्विपक्षीय समझदारी पत्र
- खरिद परिमाणको फाँटवारी
- बजार मुल्यको विवरण तथा प्रमाण
- कृषकहरुबाट खरिद भएको कृषकको परिमाण र विवरण
- मुल्यअन्तरको विवरण

**(५) खरिद प्रोत्साहन र बजेट व्यवस्था:** यस निर्देशिका बमोजिम न्यूनतम समर्थन मूल्यमा कृषि उपजको खरिदकर्तालाई प्रोत्साहन स्थानीय तहले तोके अनुसार हुने छ। खरिदकर्तालाई भण्डारण सुविधाका लागि नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने भण्डारण सुविधाका पूर्वाधार निर्माणमा कार्यक्रमको प्राथमिकता दिइनेछ। खरिद कार्य गर्न तथा पूर्वाधार विकास गर्न आवश्यक पर्ने पूँजी रकम बैंक तथा वित्तीय संस्थाले सहुलियत ब्याज दरमा उपलब्ध गराउने छ । यस निर्देशिका बमोजिम न्यूनतम समर्थन मूल्य निर्धारण र कार्यान्वयन गर्न बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत भएको हुनुपर्नेछ । स्थानीय तहले सालवसाली स्वीकृत बजेट तथा कार्यक्रमको सीमा भित्र रही न्यूनतम समर्थन मूल्य निर्धारण र खरिद कार्य व्यवस्थापन गर्नु पर्नेछ ।

**२५.कृषि एम्बुलेन्स सञ्चालन:**

**(१) उद्देश्य:**

(क)नासवान कृषि उपजहरु पशुपन्छीहरु पशुपन्छीजन्य उत्पादन तथा मौरीको गोला ढुवानीलाई सहज गुणस्तरीय र छिटो छरितो हुने गरी ब्यवस्था गर्ने,

(ख)विविधकारणले कृषकहरुले उत्पादित नासवान कृषि उपजहरुको बजार सम्म तथा प्रशोधन स्थल सम्म आउने कठिन तथा ढिला हुन नदिने र कृषकलाई हुने नोक्सानि बाट जोगाउने

**(ग)** कृषि उपजको उत्पादन उपरान्तको क्षति न्युनिकरण गरी उपभोगता सम्म गुणस्तरीय उत्पादन पुर्याउने ।

सचिव

सचिव

(२) **लक्षित बाली तथा वस्तुहरुः** नासवान कृषि पशुपन्छी तथा माछा जन्य उत्पादन।

(३) **अपेक्षित प्रतिफलः**

(क) कृषकको उत्पादन थलोमा विविध कारणले ढुवानी हुन नसकेकको कृषि उपज बजारिकरणमा सहज भई उपरान्तको क्षति न्युनिकरण हुने।

(ख) उपभोग्तामाझ गुणस्तरीय कृषि उपजहरु पुग्ने।

(ग) उपरान्तको क्षति कम भई उत्पादक तथा उपभोग्ता लाभान्वित हुने।

(४) **कार्यक्रम तथा प्रमुख क्रियाकलापहरुः**

(क) सर्व प्रथम स्थानीय तहले आफ्नो कार्य क्षेत्र भित्र उत्पादन हुने नासवान कृषि उपजहरुको ढुवानीमा संलग्न समुह वा सहकारी वा निज कम्पनीको सुचिकरण सेवाको विवरण सहित गर्नु पर्ने छ।

(ख) यस कार्यक्रम अन्तरगत स्थानीय तहले स्थानीय अनुकुलता हेरि कृषि उपजको ढुवानीमा संलग्न वा हुन सक्ने समुह वा सहकारी वा निज कम्पनीको छनौट गर्ने छ। यसरी छानिने समुह वा सहकारी वा निज कम्पनीहरु स्थानीय स्थानीय कृषि उत्पादनको मात्रा र विविधता हेरी एक वा एक भन्दा बढि हुन सक्ने छन। यसरी छानीएका समुह वा सहकारी वा निज कम्पनी संग स्थानीय तहले कृषि एम्वुलेन्स सेवा सञ्चालन गर्न सेवा शर्त सहित समझौता गर्नु पर्ने छ। कृषि एम्वुलेन्स सेवा प्रदान गर्न छानिएका समुह वा सहकारी वा निज कम्पनीको नाम विवरण सम्पर्क न तथा सेवा प्रदान गर्ने क्षेत्र निजले सेवा प्रदान गर्न प्राप्त गर्ने सुविधा सहितको विवरण सार्वजनिक गर्नु पर्ने छ। कृषि एम्वुलेन्स सेवा प्रदान गर्ने ढुवानी साधनमा कृषि एम्वलेन्स सेवा लेख्नु पर्ने छ।

(ग) स्थानीय तहले कृषि एम्वुलेन्स सेवा सञ्चालन गर्न आवश्य ठानेमा कानुन र निर्देशिका बनाई लागु गर्न सक्ने छन। कृषि एम्वुलेन्स सेवा प्रदायकले सम्वन्धित स्थानीयतहले तोकेको सम्पर्क ब्यक्तिको समन्वयमा कार्य गर्नु पर्ने छ।

(५) **प्रदान गरिने सहुलियतहरुः** कृषि एम्वुलेन्स सेवा प्रदान गर्न स्थानीय तहका सहकारी वा निजि कम्पनीहरुले प्राप्त गर्ने सहुलियतहरु ढुवानी साधनहरुमा भन्सार छुट, स्थानीय तहमा लाग्ने कर छुट, सेवा प्रदान गरे अनुसार पटके आर्थिक सहुलियत हुन सक्ने छ। यस्का अतिरिक्त स्थानीय तहले कृषि एम्वुलेन्स सञ्चालन गर्ने समझौता भएको सहकारी वा निजी फर्मलाई ढुवानी साधन खरिद पश्चात बजार मुल्यको परिच्छेद ३ दफा ८ अनुसारको अनुदान प्रवाह गर्न सक्ने छ।

(६) **न्युनतम मापदण्डः** कृषि एम्वुलेन्स सेवा संचालकले पशुपन्छी जन्य उत्पादन माछा तरकारी फलफूल मौरी गोला स्थानान्तरणको लागी आवश्यक ढुवानि साधनहरुमात्र खरिद गर्न सक्ने छ। यस कार्यक्रमबाट डवलक्याब पिकअपहरु खरिद गर्न सकिने छैन।

सचिव

सचिव

<u>परिच्छेद-६</u>

<u>विविध</u>

**<u>२६.कार्यक्रमको दिगोपना:</u>**यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको दिगोपनाको लागि देहाय बमोजिमको रणनीति अवलम्वन गरिनेछ:

(क) यस कार्यक्रम आ.व. २०७९/८० बाट प्रारम्भ गरी कम्तिमा ५ वर्षसम्म सञ्चालन गरिनेछ।

(ख) कार्यक्रमको दिगोपनाको लागि कार्यक्रमको सञ्चालन स्थानीय तहले गर्ने भएकोले कार्यक्रमको समाप्ति पश्चात अपनत्व ग्रहण गरी स्थानीय तहलेनै सञ्चालन गर्ने छन ।

(ग) बहुसरोकारवाला निकायहरुवीच कार्यमूलक समन्वयको व्यवस्था गरिनेछ।

(घ) आगामी वर्षहरुमा समेत यस कार्यक्रमका लागि बजेट सुनिश्चित गरिनेछ।

**<u>२७.गुनासो व्यवस्थापन:</u>**कार्यक्रम सञ्चालनको दौरान सरोकारवालाको कुनै गुनासो भएमा कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहमा वा मन्त्रालयमा गुनासो गर्न सकिनेछ। यसरी प्राप्त गुनासोलाई स्थानीय तहमा वा मन्त्रालयमाले १५ दिन भित्र फर्स्यौट गर्नु पर्ने छ।

**<u>२८.कार्यविधि संशोधन:</u>** निर्देशक समितिले अनुदान रकमको सिमा बाहेक आवश्यकता अनुसार कार्यविधिमा थपघट तथा परिमार्जन गर्न सक्नेछ।

**<u>२९.कारवाही हुने:</u>** यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना वा दुरुपयोग भएको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम तथा कानुन बमोजिम कारवाही गरिनेछ ।

**<u>३०.प्रचलित कानून बमोजिम हुने:</u>**यस यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कार्यक्रमसँग सम्वन्धित विभिन्न कार्यहरु गर्दा तथा रकम भुक्तानी एवं फरफारक गर्दा सार्वजनिक खरिद ऐन, नियम तथा अन्य प्रचलित आर्थिक ऐन, नियम प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

**<u>३१.अमान्य हुने:</u>**यस कार्यविधिको कुनै व्यवस्था प्रचलित नेपाल कानूनसँग बाझिएको हदसम्म कार्यविधिको व्यवस्था अमान्य हुनेछ।

सचिव

सचिव